नीति छलफल पत्र - ६/२०१४

# नेपालका प्राथमिकतामा र छायामा परेका नीतिगत सवालहरू

राजकुमार परियार

एलायन्स फर सोसल डायलग
नीति अध्ययन फेलोसिप २०१४
नोवेम्बर २०१४
www.asd.org.np

Alliance for Social Dialogue

## कृतज्ञता

मलाई नीति सम्बन्धी अनुसन्धान गर्ने चाहना धेरै समय अघिदेखिको थियो। जनताको आवाज वा जनताले उठाएका सवाल कस्ता प्रक्रिया पार गरेपछि एउटा नीति बनेर आउँदो रहेछ अथवा त्यो सवाल किन नीतिमा समेटिन नसक्दो रहेछ भन्ने कुरा सधैं मनमा खेलिरहन्थ्यो। महिला र दलितका क्षेत्रमा प्राथमिकतामा परेर पनि छायामा धकेलिएका नीतिगत सवालहरूको अध्ययनबाट मेरो त्यो खुल्दुली पूरा गर्ने यात्राको प्रारम्भ भएको छ। यस प्रारम्भिक यात्राको अवसर जुटाइदिने एलायन्स फर सोसल डायलग (एएसडी) प्रति आभार प्रकट गर्दछु। मेरो कामलाई सही मार्गतर्फ लैजान हरहमेसा सर-सल्लाह दिनुहुने पदमेन्द्र श्रेष्ठ र उज्जल प्रजापतिप्रति विशेष आभारी छु। यो कामको शुरुदेखि विभिन्न समयमा सल्लाह दिनुहुने एएसडी का निर्देशक हरि शर्मा तथा प्रेम सापकोटा, स्वागत राज पाण्डे र शेहनाज बानुप्रति ऋणी छु। अध्ययन कार्य सम्पन्न गर्ने सिलसिलामा कुराकानीका लागि समय उपलब्ध गराइदिने व्यक्तिहरू तथा आवश्यक सूचना उपलब्ध गराइदिने संघसंस्थाप्रति आभार व्यक्त गर्दछु।

राजकुमार परियार

## विषयसूची


| | |
|---|---|
| सारांश | ४ |
| पृष्ठभूमि | ५ |
| समस्याको कथन | ५ |
| नीतिगत अध्ययनका प्रश्नहरू | ६ |
| अध्ययनको पद्धति | ६ |
| पुनरावलोकनको अध्ययनमा प्रयोग | ७ |
| महिला सवालहरूको इतिहास | ७ |
| महिलाका सवालहरू | ७ |
| दलित सवालहरूको इतिहास | १३ |
| दलितका सवालहरू | १३ |
| सवालहरू प्राथमिकतामा पर्ने निर्धारक तत्वहरू | २१ |
| सवालहरू कसरी ओझेलमा पर्दछन् ? | २५ |
| निष्कर्ष र सुझाव | २७ |
| सन्दर्भ सामग्री | २९ |

**नीति छलफल पत्र - ६/२०१४**

# नेपालका प्राथमिकतामा र छायामा परेका नीतिगत सवालहरू

## सारांश

देशमा वर्गीय, जातीय, भाषिक, लिङ्गीय, सांस्कृतिक, धार्मिक र क्षेत्रियतामा आधारित भेदभावको अन्त्य गरी न्यायपूर्ण र समृद्धशाली समाजको निर्माणका लागि धेरै सामाजिक आन्दोलनहरु भएका थिए । यस्ता सामाजिक आन्दोलनहरु मध्ये वि.स. २०६२–६३ मा भएको जन आन्दोलन महत्वपूर्ण रुपमा रहेको छ । यस अध्ययनमा शान्ति प्रक्रिया भन्दा पछि पहिलो संविधानसभाको अन्त्य नहुदासम्मको समय अवधी भित्र उठेका महिला र दलितका सवालहरुलाई समावेश गरीएको छ । उक्त सवालहरु पहिलो संविधानसभा पछि बनेका नीतिहरुमा प्राथमिकतामा परे वा छाँयामा परे भनी विष्लेशण गरिएको छ । लैङ्गिक, जातजातीय, धार्मिक आदि हिसावले समान रुपमा बाँच्न पाउने अधिकारका आधारमा महिला र दलित सम्वन्धी सवालहरु अरु सवै सवाल भन्दा महत्वपूर्ण छ । यो अध्ययनले कुनै पनि सवाल प्राथमिकतामा पर्न के कुराहरुले निर्धारण गर्दछ र ती कसरी ओझेलमा पर्दछन् भन्ने बारेमा जानकारी दिने प्रयास गरेको छ । साथै दलित र महिलाको क्षेत्रका प्राथमिकतामा र छाँयामा परेका सवालहरुका बारेमा पनि जानकारी दिएको छ । अध्ययनलाई प्राथमिक र द्वितीय तथ्याङ्कका आधारमा सम्पन्न गरीएको छ । विगतमा गरिएका अध्ययन अनुसन्धानहरु, नीतिहरु र प्रस्तावित अध्ययनसंग सम्वन्धित सिद्वान्तहरुको प्रक्रियागत ढंगवाट पुनरावलोकन गरीएको छ । महिला र दलितका अधिकांस सवालहरु नेपाल सरकारका नीतिगत दस्तावेजहरुमा उल्लेखीत छन् । उल्लेखित सवालहरुको दुई वटा कमजोरीहरु रहेका छन् । पहिलो, नीतिहरु राम्ररी कार्यान्वयन हुन नसक्नु दोस्रो, नीतिगत रुपमा सम्बोधीत सवालहरुले लक्ष्यीत सबै महिला र दलित समुदायलाई समेट्न सकेको छैन । नीतिले कति र कहाँका समुदायलाई लाभान्वीत पुर्याउने भन्ने कुराको प्रष्ट व्यवस्था गरेको छैन । यसर्थ अधिकांस सवालहरु नीतिमा उल्लेख छन् तर नीति प्रष्ट नभएको हुंदा सबै महिला र दलित समुदायलाई समेट्न सकेको देखिदैन ।

यो नीति छलफल पत्र एलायन्स फर सोसल डायलग (एएसडी)को नीति अध्ययन फेलोसिप कार्यक्रम २०१४ को उत्पादन हो । अन्य नीति अध्ययन छलफल पत्रहरु www.asd.org.np मा उपलब्ध छन् । यस छलफलपत्र सँग सम्बन्धित केहि प्रश्न भएमा लेखकलाई rajpariyar2012@gmail.com मा सम्पर्क गर्न सकिन्छ । प्रस्तुत छलफलपत्रमा उल्लेखित विचार, विश्लेषण र निष्कर्षहरु लेखकका निजी हुन् र यसमा एएसडी सहमत नहुन पनि सक्छ ।

## पृष्ठभूमि

नेपालमा निरङ्कुश जहानियाँ राणा शासनकालदेखि नै जनताले आफ्नो हक अधिकारका लागि सामाजिक आन्दोलनहरू गरेका थिए। यस्ता सामाजिक आन्दोलनहरूमध्ये वि.सं. २०६२-६३ मा भएको जन आन्दोलनलाई महत्वपूर्ण रूपमा हेर्ने गरिन्छ। २०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौतासँगै नेपालको शान्ति प्रक्रियाले गति लिन थालेको थियो। वि.स. २०६२-६३ को आन्दोलन र पहिलो संविधानसभाको चुनावको सेरोफेरोमा नयाँ बन्ने संविधानमा आफ्ना सवालहरूको सम्बोधन हुनुपर्छ भनी जनताबाट धेरै मागहरू उठाइएका थिए। ती मागहरूमध्ये वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीयतामा आधारित भेदभावको अन्त्य प्रमुख थिए। यसका अतरिक्त दलित समुदाय, आदिवासी, सीमान्तीकृत र मधेसी समुदायले भोग्दै आएका समस्याहरूको पहिचान तथा राज्य पुनर्संरचना र सार्वजनिक सेवामा उनीहरूको अर्थपूर्ण प्रतिनिधित्वको सुनिश्चितता पनि महत्वपूर्ण माग थिए। जनताले सामाजिक र राजनीतिक समावेशीकरणसहित राज्य पुनर्संरचना गर्नुपर्ने आवाज उठाएका थिए। यसबाहेक शिक्षाको अधिकार, आधारभूत स्वास्थ्य, बासस्थान, रोजगारी तथा खाद्य सुरक्षा जस्ता कुरा पनि यसभित्र परेका थिए।

नेपालमा महिला र दलितका सवालहरूमा धेरै लामो समयदेखि आवाजहरू उठ्दै आएका छन्। देशमा चर्किएको १० वर्षे माओवादी सशस्त्र युद्धको समाप्ति र २०६२-६३ को जनआन्दोलनबाट राजतन्त्रको अन्त्य भएपछि नेपाली जनतामा परिवर्तनको आशा पलाएको थियो। दशकौंदेखि बुलन्द हुन नसकेका महिला र दलितका आवाजहरू देश शान्ति प्रक्रियामा गएपछि प्रस्फुटित हुन थालेका थिए। यस अध्ययनमा शान्ति प्रक्रियाभन्दा पछि पहिलो संविधानसभाको अन्त्य नहुँदासम्मको समयावधिभित्र उठेका सवालहरूलाई समावेश गरिएको छ।

अहिलेसम्म धेरै नीतिहरू उपर अनुसन्धान भएका छन्, तर प्राथमिकतामा परेका र छायामा परेका नीतिगत सवाल उपर कमै मात्र अध्ययन भएको पाइन्छ। दलित र महिला विषय सधैं नै जल्दाबल्दा मुद्दाहरू हुन् तर संक्रमणकालीन समयमा यी मुद्दाहरूले थप बल र गति प्राप्त गरे। यस अध्ययनले प्राथमिकतामा परेका र छायामा परेका नीतिगत सवालहरूको पहिचान गर्ने प्रयास गर्दछ। यसका अतिरिक्त सवालहरूका प्राथमिकताका निर्धारक तत्वहरूका बारेमा विश्लेषण गर्ने जमर्को गरिएको छ। यस अध्ययनबाट नेपाल सरकार र विकास साझेदारहरूलाई नीतिमा समेट्न छुटेका सवालहरूबारेमा जानकारी र अब बन्ने नीतिहरूमा उक्त सवालहरूलाई समावेश गर्नका लागि सहयोग मिल्नेछ।

## समस्याको कथन

पहिलो संविधानसभाको अन्त्य नहुँदासम्म सरोकारवाला समुदायले नेपालको आमूल परिवतर्नका लागि जोडका साथ आवाज उठाएका थिए। संक्रमणकालमा महिला, दलित, जनजाति, सामाजिक समावेशीकरण र अन्य आर्थिक मुद्दाहरूमा धेरै लफ्फाजी (भाषण, होहल्ला) भएका थिए। राजनीतिक वातावरण सहज हुँदै जाँदा सार्वजानिक रोकारका थुप्रै मुद्दाहरू प्रकट भए। तर नीति बन्ने क्रममा "संक्रमणकालमा यस्तै हुन्छ" भन्दै केही महत्वपूर्ण मुद्दाहरू ओझेलमा पर्न गए।

प्राथमिकतामा परेका सवालहरू भन्नाले ऐन, संविधान, नीति, रणनीति, कार्यक्रम, योजना, कार्ययोजना, मार्गदर्शन, निर्देशन लगायतका नीतिगत दस्तावेजहरूमा समावेश भएका र छायामा परेका सवालहरू भन्नाले माथि उल्लेखित कुनै पनि नीतिगत दस्तावेजहरूमा समावेश हुन नसकेका सवालहरू भनी बुझ्नुपर्ने हुन्छ। समान रूपमा बाँच्न पाउने अधिकारका आधारमा महिला र दलितसँग सम्बन्धित सवालहरू अरू सबै सवालभन्दा महत्वपूर्ण छन्। यस अध्ययनमा कुनै पनि सवाल प्राथमिकतामा पर्ने निर्धारक तत्वहरू के हुन् र ती कसरी ओझेलमा पर्दछन् भन्नेबारेमा जानकारी

दिने प्रयास गरिएको छ । साथै दलित तथा महिलाको क्षेत्रका प्राथमिकतामा र छायामा परेका सवालहरूबारे जानकारी पनि यसमा परेको छ ।

## नीतिगत अध्ययनका प्रश्नहरू

*१. सन् २००६ भन्दा पछाडिको अवधिमा प्राथमिकता र छायामा परेका नीतिगत सवालहरू के के थिए ?*

*२. सवालहरूलाई नीतिगत प्राथमिकतामा पार्न कस्ता तत्वहरूले निर्धारण गर्दछन् ?*

## अध्ययनको पद्धति

अध्ययनलाई प्राथमिक र द्वितीय तथ्यांकका आधारमा सम्पन्न गरिएको छ । विगतमा गरिएका अध्ययन अनुसन्धानहरू, नीतिहरू र प्रस्तावित अध्ययनसँग सम्बन्धित सिद्वान्तहरूको प्रक्रियागत ढंगबाट पुनरावलोकन गरिएको छ । यहाँ नेपालमा शान्ति प्रक्रियाको थालनी भएपछि बनेका र संशोधन भएका विभिन्न नीतिहरूको पुनरावलोकन गरिएको छ । तिनमा नेपालको अन्तरिम संविधान २०६३, चारवटा ऐन, पाँचवटा नियमावली, चार आर्थिक वर्षको बजेट वक्तव्य, एउटा नीति, चारवटा प्रमुख राजनीतिक दलहरूका घोषणापत्र, एक निर्देशिका, एक मापदण्ड, एक मार्गदर्शन, चारवटा योजना, पाँचवटा रणनीति तथा कार्ययोजना, एक कार्यक्रम, एक आदेशको गहिरो पुनरावलोकन गर्ने काम भएको छ ( हेर्नुहोस् सन्दर्भसामग्री ) । पुनरावलोकनले कस्ता र कुन कुन सवालहरू सम्बोधन हुन सकेका रहेछन् भन्ने तथ्य प्रस्तुत गर्न मद्दत पुऱ्याएको छ । नेपालमा महिला र दलितहरूको सवालमा काम गर्ने सरोकारवाला निकायहरू प्रशस्त मात्रामा रहेका छन् । यद्यपि यी सबै निकायका दस्तावेजहरूको अध्ययन गर्न लामो समय लाग्ने र सबै निकायहरू नीतिगत सवालका क्षेत्रमा कार्य पनि नगर्ने हुँदा उद्देश्यपूर्ण नमुना छनोटका आधारमा महिला र दलितसँग सम्बन्धित सरोकारवाला निकायहरूको छनोट गरी आवश्यक तथ्यांक संकलन गरिएको छ । राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, प्रमुख राजनीतिक दलहरूका महिला र दलित संघसंगठनहरू, नागरिक समाज अन्तर्गतका महिला र दलितका सवालमा काम गर्ने ३० भन्दा बढी संघसंस्थाका घोषणापत्र, बडापत्र, मागपत्र, अपिल, ज्ञापनपत्र, प्रतिवेदन, अध्ययन अनुसन्धानसँग सम्बन्धित सामग्री र प्रकाशनहरूको पुनरावलोकन गरी सवालहरूका बारे जानकारी प्राप्त गरिएको छ ( हेर्नुहोस् अनुसूची ५ र सन्दर्भसामग्री) । नागरिक समाजले नीतिगत सम्बोधनका लागि तयार पारेका प्रमुख सवालहरूलाई नै अध्ययनले सवालको रूपमा लिएको छ । नेपाली महिलाले वि.स. १९५०-६० को दशकबाट[1] र दलित समुदायले वि.स. १९९७ बाट[2] आफ्ना सवालहरूको उठान गरेका थिए । विभिन्न विषयहरूसँग सम्बन्धित सवालहरूलाई संगठित र संस्थागत रूपले नागरिक समाजले विभिन्न आन्दोलनमार्फत अघि सार्दै आएको छ ।

दस्तावेजको पुनरावलोकन कार्यका लागि सरोकारवाला निकाय – सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय संघसंस्थाहरूलाई दुई भागमा विभाजन गरिएको छ । यीमध्ये पहिलो गैरसरकारी निकाय छन् जसले सवालहरूको उठान गर्ने गर्दछन् भने अर्कोमा सरकारी निकाय रहेका छन् जसले नीति निर्माण गरी सवालहरूको उचित सम्बोधन गर्ने गर्दछन् । सान्दर्भिक दस्तावेजहरूको पुनरावलोकन गरी सारांश तयार गरिएको छ ।

---

[1] प्रथम तथा अग्रज नेपाली महिला, प्रारम्भदेखि २०१७ सालसम्म, राष्ट्रिय महिला आयोग, २०६९

[2] नेपालमा छुवाछुत तथा जातीय भेदभाव अन्त्यका निम्ति दश वर्षे रणनीतिक योजना, राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१३-२०२३), दलित गैरसरकारी संस्था महासंघ, २०१३

### पुनरावलोकनको अध्ययनमा प्रयोग

दलित र महिलासंग सम्वन्धीत दस्तावेजहरूको पुनरावलोकन गरीएको छ र यसको मुख्य उद्धेश्य सवालहरूको पहिचान गर्नु रहेको छ । सवालहरूको पहिचान गरी सके पश्चात सवालहरूलाई नीतिगत रूपमा सम्वोधन गर्न कस्ता निर्धारक तत्वहरूको भूमिका रहन्छ ? उचित सम्वोधन नभएका सवालहरूको सम्बोधन के कारणले नभएका हुन् ? कुन कुन निकायहरूमा दवाव सिर्जना गर्नु पर्यो ? कस्ता कस्ता सवालहरूले प्राथमिकता पाएका छन् (हेर्नुहोस अनुसुची ६) ? आदि विषयमा प्रमुख उत्तरदाताहरूसँग छलफल गरीएको थियो (हेर्नुहोस अनुसुची ४) । दस्तावेजहरूको पुनरावलोकनले मुख्य सवालहरू, प्राथमिकता र छाँयामा परेका सवालहरूको पहिचान गर्न मद्धत पुर्याएको छ भने प्रमुख उत्तरदाताहरूसँगको छलफलले सवालहरू प्राथमिकतामा र ओझेलमा पर्न निर्धारक तत्वहरूको वारेमा विष्लेषण गर्नका लागि मद्धत गरेको छ । यसरी पुनरावलोकनको प्रयोगले अध्ययनको उद्धेश्य प्राप्ति र निष्कर्षमा पुर्याउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

### महिला सवालहरूको इतिहास

महिलाले समानता, स्वतन्त्रता, सहभागिता, शिक्षा, महिला विरुद्धको हिंसा, जस्ता मुद्दाहरूमा आजभन्दा करिब ७५ वर्ष पहिलेदेखि नै आवाज उठाउन थालेको कुरा नेपालको इतिहासको आधुनिक कालखण्डमा पाइन्छ ।[3] वि.सं. १९५०-६० को दशकमा नै भोजपुर जिल्लाको दिंगलाकी योगमाया न्यौपानेले महिलाका सवालमा आन्दोलन शुरु गरेकी थिइन् । महिला विरुद्ध हुने कुसंस्कार, छुवाछूत लगायतका २६८ वटा मागसहितको पत्र तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरलाई पेश गरेकी थिइन् ।[4] वि.सं. १९९० मा चन्द्रकान्ता देवीले राणा प्रधानमन्त्री श्री ३ जुद्धशमशेर र पछि भीमशमशेरलाई विद्यालय खोल्ने प्रस्ताव राखेको र वि.सं. १९९० सालमा कन्या पाठशाला खोल्न अनुमति प्राप्त भएको थियो ।[5] संगठित रूपमा भने वि.सं. २००४ सालमा साहाना प्रधानले महिलाले पढ्न पाउनुपर्ने र मतदानको अधिकारको माग गरेको पाइन्छ । त्यस्तै वि.सं. २०१७ सालमा कमल राणाले महिलाको विवाहको उमेर १८ वर्ष हुनुपर्ने र विधवा र परित्यक्ताले पनि विवाह गर्न पाउनुपर्छ भन्ने विषयमा जनमत संग्रह गरिनुपर्छ भन्ने माग उठाएको पाइन्छ ।[6]

### महिलाका सवालहरू

यसरी प्रारम्भ भएको महिलाका सवालहरू नेपालको पहिलो संविधानसभाको अवसान नहुँदासम्म महिला विरुद्धको हिंसा, समानुपातिक सहभागिता, नागरिकता, पैतृक सम्पत्ति, क्षमता अभिवृद्धि जस्ता सवालहरूको सम्बोधन हुनुपर्छ भनी सशक्त रूपमा उठेको पाइन्छ ।

---

[3] प्रथम तथा अग्रज नेपाली महिला, प्रारम्भदेखि २०१७ सालसम्म, राष्ट्रिय महिला आयोग, २०६९

[4] पूर्ववत्

[5] पूर्ववत्

[6] पूर्ववत्

| प्राथमिकतामा परेका सवालहरू | छायामा परेका सवालहरू |
|---|---|
| **महिला हिंसा :** घर, समुदाय, कार्यथलोमा हुने हिंसा विरुद्ध कानुन, शोषण विरुद्धको हक, हिंसा पीडित महिलालाई अन्तरिम सेवा सुविधाको व्यवस्था गरिएको छ | महिलामाथि हुने हिंसा विरुद्धको उच्चस्तरीय आयोग गठन हुन नसकेको |
| **समानता :** राज्य सबै संरचनामा जनसंख्याको आधारमा समानुपातिक सहभागिता, सकारात्मक विभेदको प्रावधान छ | सबै सरकारी कागजातमा आमाको नाम उल्लेख गरिएको छैन |
| **कानुन तथा न्याय :** सुरक्षित गर्भपतन, पैतृक सम्पत्तिमा समान अधिकार, कुरीतिजन्य हिंसा सम्बन्धी ऐनको निर्माण गरिएको छ | जमिनमाथिको अधिकार, वंशजको अधिकारको प्रावधान नभएको |
| **अर्थ व्यवस्था :** सीपमूलक तालिम तथा सहज र व्यवस्थित वैदेशिक रोजगारीको व्यवस्था, वैदेशिक रोजगारमा प्रोत्साहन गरिएको छ | सबै प्रकारका सम्पत्तिमा संयुक्त स्वामित्व छैन (जग्गा, निवृत्तिभरण, घरायसी जमिन) |
| **शिक्षा :** उच्च माध्यमिक तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क गरिएको छ | महिला शिक्षाका लागि विशेष स्रोतको व्यवस्था |
| **स्वास्थ्य :** नेपाली महिलामा पाठेघर खस्ने समस्याको अन्त्य, महिलाको प्रजनन स्वास्थ्य अधिकार, यौन अधिकारको, आधारभूत शिक्षा तथा स्वास्थ्यको हक, एच.आई.भी./एड्स संक्रमित महिलाको औषधी उपचार र स्याहारको व्यवस्था छ | महिलाका विशिष्ट स्वास्थ्य आवश्यकताहरूसमेत पूरा गर्ने सर्वसुलभ राष्ट्रिय स्वास्थ्य सेवाको व्यवस्था छैन |
| **पुन:स्थापना/पुनर्मिलन :** बेपत्ता पारिएका परिवारका लागि उपयुक्त क्षतिपूर्तिको व्यवस्था छ | छानबिन गर्ने आयोग गठन गरिएको छैन |
| **भौतिक संरचना, विकास तथा वातावरण** | जोखिममा परेका महिलाका लागि सुरक्षित आवास गृहको स्थापना हुन सकेको छैन |
| **सामाजिक सवालहरू :** आवश्यकता अनुरूप पुन:स्थापना केन्द्रको व्यवस्था गरिएको छ | हरेक जिल्लामा रहेका अपांग महिलाहरूको तथ्यांक संकलन गरी शिक्षा स्वास्थ्य, रोजगारी, राजनीतिक सहभागिता लगायत सम्पूर्ण अधिकारहरू प्राप्ति हुने सवाल समेटिएको छैन |
| **धार्मिक सवालहरू :** महिला विरुद्धका सबै धार्मिक मान्यता, नियम, अन्धविश्वासहरूको अन्त्य गरिने कानुनको व्यवस्था गरिएको छ | |
| **कृषिका सवालहरू :** कृषि मजदुरको क्षेत्रमा महिला र पुरुषबीचको काममा हुने असमानता तथा ज्यालामा विभेदको अन्त्य भएको छ | भूमिमाथि पुरुषसरह महिलाको अधिकार स्थापना हुन सकेको छैन |
| **नागरिकताका सवालहरू :** आमाको नाममा छोराछोरीले नागरिकता पाउने नीतिको निर्माण भएको छ | वैदेशिक रोजगार वा कामको सिलसिलामा जन्मिएका सन्तानको नेपाली नागरिकता सम्बन्धमा प्रष्ट रूपमा कतै उल्लेख छैन |

## क. महिला हिंसा

हिंसा भन्नाले कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना लगायत गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ।[7] महिला विरुद्ध हिंसाका सवालहरूमा घर,[8] कार्यथलोमा हुने हिंसा[9] विरुद्ध कानुन, बेचबिखन ओसारपसारबाट प्रभावित महिलाको आवश्यकता परिपूर्ति गर्ने नीति,[10] महिलाले बलात्कार, कुटपिट, यौन दुर्व्यवहारका विषयमा रिपोर्ट दर्ता गर्ने तथा मेडिकल परीक्षण, उपयुक्त उपचार र मनोविमर्श सेवा प्राप्त गर्ने केन्द्रहरू प्रशिक्षित कर्मचारीसहित स्थापना गर्ने सवालहरूलाई उचित सम्बोधन गर्दै नीतिहरूको निर्माण भएको छ।[11] त्यस्तै गरी महिला उपर हुने हिंसा विरुद्धको मौलिक अधिकारको रूपमा रहने, शोषण विरुद्धको हकको संरक्षण, महिला विरुद्ध भेदभाव,[12] महिला उपर हुने हिंसा विरुद्ध शून्य सहनशीलता जस्ता मुद्दाहरू प्राथमिकतामा परेका छन्। हिंसा पीडित महिलालाई राज्यद्वारा अन्तरिम सेवा सुविधाको व्यवस्था[13] गर्नुपर्ने आवाज उठेको भए तापनि पीडकलाई नै क्षतिपूर्ति भराउन आदेश दिने कुरा घरेलु हिंसा ऐन २०६६ मा उल्लेख गरिएको छ। भेदभाव विरुद्ध संवेदनशील हुने प्रभावकारी सरकारी प्रशासन तथा प्रहरीको व्यवस्था गरिएको छ।

महिला समानताका विषयलाई सार्वजनिक शिक्षाका रूपमा लागू गर्ने, महिलामाथि हुने हिंसा विरुद्धको उच्चस्तरीय आयोग गठन गर्ने सवालहरू सम्बोधन हुन सकेका छैनन्।

## ख. समानता

नेपालको कानुन अनुसार उत्पत्ति, धर्म, वर्ण, जात/जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्थाका आधारमा भेदभाव नगरी समान रूपले गरिने व्यवहार नै समानता हो।

समानताका सवालहरूमध्ये महिलाको राज्य संरचनाको सबै तहहरूमा जनसंख्याको आधारमा समानुपातिक सहभागितालाई राज्यको नीतिले सम्बोधन गरेको छ साथै सकारात्मक विभेदको प्रावधानलाई समेत उल्लेख गरीएको छ।[14] आमाको नाममा छोराछोरीले नागरिकता पाउने अधिकार सुनिश्चित भएको छ।[15] महिला समानुपातिक समावेश नभएको पार्टीलाई राष्ट्रिय पार्टीका रूपमा मान्यता नदिने सवालहरू प्राथमिकतामा परेका छन्।[16]

तर सबै सरकारी कागजातमा आमाको नाम अनिवार्य उल्लेख गरिनुपर्छ भन्ने सवालहरू भने ओझेलमा परेका छन्।

---

[7] घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६

[8] पूर्ववत्

[9] कार्यस्थलमा हुने हिंसा विरुद्ध ऐन, २०७१ कात्तिकमा संसदले पास गरेको छ

[10] मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

[11] घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र नेपाल सरकार, राष्ट्रिय योजना आयोगको तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

[12] नेपालको अन्तरिम संविधान, २०६३

[13] आर्थिक वर्ष २०६६-०६७ को बजेट वक्तव्य

[14] नेपालको अन्तरिम संविधान, २०६३

[15] पूर्ववत्

[16] राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३

## ग. कानुन तथा न्याय

कानुन तथा न्यायको क्षेत्रमा धेरै सवालहरूको उठान भएको पाइन्छ। यी सवालहरूमध्ये कानुनी उपचार पाउने महिलाको अधिकारलाई बन्द इजलाससहितको व्यवस्था[17] बोक्सीको आरोप,[18] र पैतृक सम्पत्तिमा समान अधिकार[19] सुनिश्चित गर्ने सवालहरूलाई सम्बोधन गरी नीति निर्माण भएको छ। त्यस्तै महिला विरुद्धको फौजदारी र लैंगिक हिंसा सम्बन्धी मुद्दाहरू छिटो कारबाही र किनारा गर्नका लागि द्रुत सुनुवाइ अदालतको स्थापना गर्ने कुरा नेपाल सरकारको वि.स. २०६७-०६८ को बजेट वक्तव्यमा आएको थियो।

छायामा परेका सवालहरूमा लैंगिक दृष्टिकोण स्पष्ट पार्न कानुन व्यवसायी र न्यायाधीशहरूलाई तालिमको व्यवस्था, महिलाको कानुनी उपचारका लागि पारिवारिक अदालत; सम्पत्ति राख्ने, खरिद-बिक्री गर्ने, त्यस्तै गरी बलात्कार विरुद्धको कानुनको निर्माण हुन सकेको छैन। प्रजनन स्वास्थ्य, कुरीतिजन्य हिंसा; सुरक्षित गर्भपतन सम्बन्धी ऐनको मस्यौदा तयार भएर संसदमा गएको छ।[20]

## घ. अर्थ व्यवस्था

महिलाका आर्थिक सवालहरूलाई विभिन्न नीतिहरूले केही हदसम्म भए पनि सम्बोधन गर्ने प्रयास गरेको पाइन्छ। अपांग महिलालाई विशेष सुविधा र भत्ताको व्यवस्था,[21] काम तथा रोजगारीमा अवसरको अधिकार; सम्पत्तिमा छोराछोरीलाई समान अधिकार[22] जस्ता सवालको सम्बोधन हुन सकेको छ। त्यस्तै सीपमूलक तालिम तथा सहज र व्यवस्थित वैदेशिक रोजगारीको व्यवस्था र वैदेशिक रोजगारीमा जाने महिलालाई प्रोत्साहनका सम्बन्धमा पनि नीतिमा उल्लेख भएको छ।[23]

प्राकृतिक स्रोतहरूमाथि महिलाको अधिकार; प्रवासी महिला मजदुरहरू तथा तिनका परिवारको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिमा हस्ताक्षर; अविवाहित, असहाय, गर्भवती, सुत्केरी महिला तथा आर्थिक स्थिति कमजोर भएकालाई भत्ताको व्यवस्था सम्बन्धी सवालहरू ओझेलमा परेका छन्। सबै प्रकारका सम्पत्तिमा संयुक्त स्वामित्व हुनुपर्ने कुराहरू पनि सम्बोधन हुन सकेको छैन।

## ङ. शिक्षा

शिक्षा सम्बन्धी सवालहरूमध्ये उच्च माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य, सबै दलित विद्यार्थीहरू र सबै छात्राहरूलाई १२ कक्षासम्म सामुदायिक विद्यालयहरूमा निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाइने कुराको नीतिमा सम्बोधन भएको छ।[24]

---

[17] घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६

[18] बोक्सी सम्बन्धी (कसुर र सजाय), २०६९

[19] नेपालको अन्तरीम संविधान, २०६३

[20] राष्ट्रिय महिला आयोगका कानुन विषेशज्ञ सरोजराज थापासँग २०७१ असोज २९ गते गरेको कुराकानी

[21] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

[22] नेपालको अन्तरिम संविधान २०६३

[23] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

[24] आर्थिक वर्ष २०६६-०६७ को बजेट वक्तव्य

उच्च शिक्षामा महिलाको पहुँच सहज बनाउन विशेष छात्रवृतिको व्यवस्था, महिला शिक्षाका लागि विशेष स्रोतको व्यवस्था, कामकाजी महिला, ग्रामीण महिला, फरक आवश्यकता भएकी महिला (अपांग), एकल महिला, प्रौढ महिला जस्ता महिलाको आवश्यकता आधारित शिक्षा, शैक्षिक संस्थाहरूमा शिशु स्याहार केन्द्र र महिलाका लागि उपयुक्त शौचालय व्यवस्था सम्बन्धी नीतिहरूको निर्माण गर्नुपर्ने आवाज सम्बोधन हुन सकेका छैनन् । सबै स्कुल, कलेज, शैक्षिक संस्था, तालिम संस्थानहरूमा यौन शोषण तथा महिला हिंसा विरुद्धको नीति बनाई कार्यान्वयन गर्ने कुराहरू पनि नीतिगत रूपमा आउन सकेका छैनन् ।

## च. स्वास्थ्य

स्वास्थ्य सम्बन्धी सवालहरूमध्ये नेपाली महिलामा पाठेघर खस्ने समस्याको अन्त्य तथा समस्या भएकाहरूको उपचारको व्यवस्था गर्न सक्ने नीति,[25] त्यस्तै महिलाको प्रजनन स्वास्थ्य अधिकारको व्यवस्था[26] र आधारभूत शिक्षा तथा स्वास्थ्यको हक[27] सम्बन्धी नीतिको निर्माण भएको छ । सुत्केरी खर्च,[28] सबैले शुल्क तिर्न सक्ने खालको राष्ट्रिय स्वास्थ्य सेवा उपलब्ध हुनुपर्ने,[29] एच.आई.भी./एड्स संक्रमित महिलाको औषधी उपचार र स्याहारको व्यवस्था,[30] महिला र पुरुष दुवैलाई परिवार नियोजन सम्बन्धी शिक्षा, सूचना र सामग्री निःशुल्क रूपमा उपलब्ध गराउने सवालहरू स्पष्ट रूपमा सम्बोधन भएका छन् ।[31]

महिलाका विशिष्ट स्वास्थ्य आवश्यकताहरू समेत पूरा गर्ने सर्वसुलभ स्वास्थ्य सेवा, महिलाले जीवनचक्रको आधारमा गुणस्तरीय स्वास्थ्य सेवा सुविधा प्राप्त गर्ने व्यवस्था सम्बन्धी सवालहरूको भने सम्बोधन हुन सकेको छैन ।

## छ. पुनःस्थापना/पुनर्मिलन

देशले करिब १२ वर्ष लामो आन्तरिक द्वन्द्व बेहोर्नुपर्‍यो । द्वन्द्वरत दुवै पक्षबाट धेरै मानिसले ज्यान गुमाउनुपर्‍यो, अंगभंग, बेपत्ता, विस्थापित हुनुपर्‍यो । जब देशमा शान्ति प्रक्रियाको थालनी भयो जनताले पुनःस्थापना तथा पुनर्मिलनका सवालहरू उठाउन थालेको पाइन्छ ।

द्वन्द्व र महिला हिंसासँग सम्बन्धित सवालहरूलाई नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय, संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा स्थानीयकरण कार्यविधि २०६९ ले समेट्ने कोसिस गरेको छ ।[32] मुख्य सवालहरूमा युद्धबाट प्रभावित महिलाको जानकारी प्राप्त गर्न देशभरमा अनुसन्धान गर्नुपर्ने, बेपत्ता पारिएका परिवारका लागि उपयुक्त क्षतिपूर्तिको व्यवस्था, आवश्यकता अनुरूपको सहयोग, आन्तरिक रूपले विस्थापित महिलालाई सम्मानपूर्वक आफ्नो घर जान सक्ने वातावरण सिर्जना गर्नुपर्ने,

---

[25] नेपाल सरकारको बार्षिक बजेट २०६८/६९ मा निःशुल्क उपचार गर्ने भनी सम्बोधन भएको छ

[26] नेपालको अन्तरिम संविधान, २०६३, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३) र लैगिक हिंसा अन्त्य तथा लैगिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/०७०-२०७३/०७४) नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

[27] नेपालको अन्तरिम संविधान, २०६३

[28] नेपाल सरकार, सुरक्षित प्रजनन सहयोग कार्यक्रम, सन् २००५

[29] राष्ट्रिय स्वास्थ्य नीति, २०७१

[30] राष्ट्रिय एच.आई.भी. एड्स रणनीति, २०११-२०१६

[31] आर्थिक वर्ष २०६६-०६७ को बजेट वक्तव्य र राष्ट्रिय स्वास्थ्य नीति, २०७१

[32] नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय, संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा स्थानीयकरण कार्यविधि, २०६९

विस्थापित भएको बेलामा सबैप्रकारको हिंसाको उचित छानविन तथा दोषिमाथि उपयुक्त कारवाही गर्नुपर्ने, द्वन्द्वले विस्थापित बनाएका सम्पूर्ण महिलालाई आत्मसम्मानका साथ बाँच्न सक्ने सीप र क्षमता तथा जीवनयापनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था गर्न, पुनःस्थापना तथा पुनर्मिलन गर्दा विशेष आवश्यकता, फरक आवश्यकता (अपांग) भएका महिलाका लागि विशेष प्रावधान हुनुपर्ने[33] सवालहरू सम्बोधन हुन सकेका छन् ।

दश वर्षे जनयुद्धको क्रममा भएका सबै प्रकारका हिंसाहरूको न्यायपूर्ण छानबिन गरी पीडितलाई उपचार र उचित क्षतिपूर्तिको व्यवस्था, पीडकलाई उचित दण्ड दिने उच्चस्तरीय आयोगको गठन भने अहिलेसम्म हुन सकेको छैन ।

## ज. भौतिक संरचना, विकास तथा वातावरण

भौतिक संरचना, विकास तथा वातावरण अन्तर्गतका सवालहरूमध्ये प्राकृतिक स्रोतहरूमा महिलाको अधिकार, सदुपयोग गर्ने नीति र कार्यक्रमको कार्यान्वयन तथा त्यसबाट सृजित लाभका समुचित बाडँफाँड, समुदाय स्तरमा रहेका प्राकृतिक स्रोत व्यवस्थापन तथा परिचालनको निर्णय गर्ने निर्णायक तहमा महिलाको भूमिका सुनिश्चित हुनुपर्ने सवालहरू नीतिगत रूपमा आएका छन् ।[34]

सम्पूर्ण आवासविहीन महिलाको अधिकार सुनिश्चित गर्ने कानुनी प्रावधान तथा कार्यान्वयनको संयन्त्र निर्माण, जोखिममा परेका महिलालाई सुरक्षित आवास गृहको स्थापना जस्ता सवालहरू छायामा परेका छन् ।

## झ. सामाजिक सवालहरू

सामाजिक सवालहरूमध्ये पुनःस्थापना केन्द्रको व्यवस्था गर्ने नीति निर्माण भएको छ[35] बादी समुदायका लागि आवास योजना बनाई कार्यान्वयन भइरहेको छ । हरेक जिल्लामा रहेका बादी, राउटे, कुसुन्डा जस्ता अल्पसंख्यक र महिलाका सामाजिक सवालहरूको तथ्यांक संकलन कार्य पनि भएको छ ।[36] उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक सहभागिता लगायत सम्पूर्ण अधिकारहरू सुनिश्चित गर्ने संयन्त्रको निर्माण तथा कार्यान्वयन गर्ने कुरा नीतिहरूमा आएका छन् ।[37]

## ञ. धार्मिक सवालहरू

धार्मिक सवालहरूका सबै महिलाले आ-आफ्नो धर्म, संस्कृति र रीतिरिवाजलाई अवलम्बन गर्न पाउने स्वतन्त्रताको व्यवस्था र महिला विरुद्धका सबै धार्मिक मान्यता, नियम, अन्धविश्वासहरूको अन्त्य रहेका छन् तर महिलाले आ-आफ्नो धर्म, संस्कृति र रीतिरिवाजलाई अवलम्बन गर्न पाउने स्वतन्त्रताको व्यवस्था विरुद्धका सबै धार्मिक मान्यता, नियम, अन्धविश्वासहरूको अन्त्यको व्यवस्था अन्तरिम संविधान २०६३ ले गरेको छ ।

---

[33] नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक वर्ष २०६८/६९, २०७०/७१, २०७१/७२ को बजेट वक्तव्य

[34] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

[35] पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०६८ र घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६

[36] केन्द्रीय तथ्यांक विभाग, २०६८

[37] नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक वर्ष २०६८/६९ बजेट वक्तव्य

### ट. कृषिका सवालहरू

भूमिमाथि महिलाको पुरुषसरह अधिकार स्थापना गर्ने कानुनी प्रावधान,[38] कृषि मजदुरमा महिला र पुरुषबीचका असमान ज्याला[39] जस्ता सवाल प्रमुख रूपमा रहेका छन् । जसको सम्बोधन नीतिगत रूपमा भएको छ ।

### ठ. नागरिकताका सवालहरू

नागरिकताका सवालमा महिलाले लामो समय अघिदेखि आवाज उठाउँदै आएको पाइन्छ। नागरिकता सम्बन्धी सवालहरूमा वैदेशिक रोजगार वा कामको सिलसिलामा जन्मिएका सन्तानको सम्बन्धमा र आमा वा बाबुको नाममा नागरिकता पाउनुपर्ने सवालहरू छन् जुन कतै सम्बोधन हुन सकेका छैनन् ।

नागरिकताका सवालहरूमा छोराछोरीले आमा वा बाबुको नाममा नागरिकता पाउनुपर्ने सवालको स्पष्ट रूपमा सम्बोधन भएको छ ।[40]

छाँयामा परेका नागरीकता सम्वन्धि सवालहरूमा वैदेशिक रोजगार वा कामको सिलसिलामा जन्मिएका सन्तानले आमाको नाममा नागरिकता पाउनुपर्ने सवालहरू छन् जुन कतै सम्बोधन हुन सकेका छैनन् ।

## दलित सवालहरूको इतिहास

नेपालको इतिहासमा दलितहरूले उठाएको पहिलो सवालको रूपमा जनै लाउन पाउनुपर्ने, दलितहरूलाई अछूत भन्न नपाइने भन्ने थियो ।[41] यी सवालहरू वि.सं. १९९७ मा बागलुङ जिल्लाका भगत सर्वजित विश्वकर्माले 'विश्व सर्वजन संघ' नामको दलित संस्था स्थापना गरी उठाएको पाइन्छ ।[42] यो संस्था नै नेपाली दलित समुदायको पहिलो आन्दोलनको खुड्किलो थियो । त्यसपछि २०२४ सालमा आरक्षण, मन्दिर प्रवेश र सिनो बहिष्कारको सवालहरू उठेका थिए । त्यस आन्दोलनलाई दलित जनविकास परिषद् नामक संस्थाले नेतृत्व गरेको थियो ।[43]

### दलितका सवालहरू

यसरी शुरु भएको दलितका सवालहरू पञ्चायतकालको अन्त्य गरी बहुदलीय व्यवस्था ल्याउने २०४६ सालको आन्दोलन, माओवादी जनयुद्ध, २०६२/६३ को आन्दोलनसम्म आइपुग्दा समानुपातिक प्रतिनिधित्व, आरक्षण, शिक्षामा पहुँच, आर्थिक सवलीकरण र संघीयतामा दलित राज्यको व्यवस्थाको मागसम्म भएको पाइन्छ ।

---

[38] नेपालको अन्तरिम संविधान, २०६३

[39] प्रधानमन्त्री डा. बाबुराम भट्टराईको नेतृत्वमा गठित संयुक्त सरकारका प्रमुख काम र उपलब्धि (२०६८ भदौ-२०६९ फागुन)

[40] नेपालको अन्तरिम संविधान, २०६३

[41] नेपालमा छुवाछूत तथा जातीय भेदभाव अन्त्यका निम्ति दश वर्षे रणनीतिक योजना, राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१३-२०२३), दलित गैरसरकारी संस्था महासंघ, २०१३

[42] पूर्ववत्

[43] पूर्ववत्

| प्राथमिकतामा परेका सवालहरू | छायामा परेका सवालहरू |
|---|---|
| **छुवाछूत तथा भेदभाव :** निजी तथा सार्वजनिक स्थानमा छुवाछूत तथा भेदभाव गर्न नपाउने नीतिको निर्माण गरिएको छ | मानवको आत्मसम्मान, नैतिकता र समानता जस्ता विषयलाई सार्वजानिक शिक्षाका रूपमा लागू गर्ने दायित्व राज्यले लिन सकेको छैन |
| **राजनीतिक सवालहरू :** समानुपातिक प्रतिनिधित्वका र विशेषाधिकारको व्यवस्था छ | संवैधानिक राष्ट्रिय दलित आयोगको गठन, गैरसरकारी प्रतिनिधिमूलक संस्थामा दलितहरूको समानुपातिक समावेशीकरण, दलित विशेष जनगणना, सार्वजनिक स्थलमा भेदभाव गर्नेलाई उसको नागरिकतासमेत खारेज हुने सहितको अपराधको रूपमा परिभाषित गरिनुपर्ने सवाल कतै समेटिएको छैन |
| **सामाजिक सवालहरू :** विद्यालयमा मातृभाषामा शिक्षा, अन्तरजातीय विवाहलाई प्रोत्साहन, बादी समुदायको विकासका लागि बादी समुदाय उत्थान विकास समिति गठन, दलित समुदायको आत्मसम्मानमा ठेस पुग्ने किसिमको शब्द तथा संस्कृतिको कानुन बनाई निरुत्साहित गर्ने, अन्तरजातीय विवाहबाट प्रभावित परिवारलाई संरक्षण र प्रोत्साहनको कानुनी व्यवस्था छ | अन्तरजातीय विवाह गरी बीचमा अलपत्र पारिएका बादी महिलालाई सो व्यक्तिवाट क्षतिपूर्तिसहित अंश दिलाउने व्यवस्था छैन |
| **आर्थिक सवाल :** भूमिहीन दलित समुदायको पहिचान र भूमि उपलब्ध गराई भू-स्वामित्व प्रदान गर्ने, वैदेशिक तथा स्वदेशी रोजगारका अवसरमा समानुपातिक मौका दिने व्यवस्था, अति सीमान्तकृत समुदाय जस्तै– डोम, चमार, मुसहर, दुसाद, धाँगड आदि) का लागि निःशुल्क आवासको व्यवस्था गरिएको छ | गरिबीको रेखामुनि रहेका र सीमान्तीकृत समुदायलाई सस्तो सुलभ र बिनाधितो ऋणको व्यवस्था, अति सीमान्तकृत समुदाय  जस्तै– डोम, चमार, मुसहर, दुसाद, धाँगड आदि) का लागि निःशुल्क रूपमा शौचालय, बिजुलीबत्ती, स्वच्छ खानेपानी, सरसफाइ आदिको व्यवस्थाको सुनिश्चितता गरिएको छैन । दलित समुदायलाई निजामती, जंगी, प्रहरी, शिक्षण, विश्वविद्यालय तथा सरकारी सेवा र निजी क्षेत्रमा २० प्रतिशत संवैधानिक आरक्षणको व्यवस्था, राज्यले दलित समुदायलाई उद्योग व्यवसाय सञ्चालन गर्दा कर छुटको व्यवस्था, दलित समुदायको श्रममाथि शोषण गर्ने कुप्रथाहरू बालिघरे, खलिया हलियको अन्त्य, राष्ट्रिय उद्योग धन्दामा पहुँच बढाउन दलित समुदायलाई शेयर खरिद गर्न ऋणको व्यवस्था हुन सकेको छैन |
| **कानुनी सवाल :** जातीय भेदभाव तथा छुवाछूतको परिभाषासहित त्यस्तो व्यवहार मानव जीवनका सबै क्षेत्रमा निषेधित र दण्डनीय हुने कानुनी प्रावधान रहेको छ | दलित इजालसको व्यवस्था, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई परिर्वतन गरी एक स्वतन्त्र दलित विकास परिषद्को स्थापना गर्ने, दलित समुदायका लागि निःशुल्क कानुनी उपचार पाउने अधिकारको प्रत्याभूत गर्न प्रत्येक अदालतमा कानुनी सहायता एकाइको व्यवस्था हुन सकेको छैन । |
| **शैक्षिक सवाल :** स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा कोटा, दलित शिक्षक कोटाबारेमा शिक्षक सेवा आयोगद्वारा निर्धारण, संस्थागत (निजी) विद्यालयमा कम्तीमा १५ प्रतिशत छात्रवृत्तिको व्यवस्था, (विद्यालय क्षेत्र सूधार कार्यक्रम) शिक्षक छनोटमा सकारात्मक | विद्यायल व्यवस्थापन समिति, शिक्षक, अविभावक संघ र शिक्षक छनोट उपसमितिमा दलित समुदायको प्रतिनिधित्व शिक्षा ऐनमै उल्लेख गर्ने, दलित तथा सीमान्तीकृत समुदायको शिक्षकका लागि छुट्टै परीक्षाको व्यवस्था हुनुपर्ने र क्षमतावान् दलित विद्यार्थीलाई राज्यले लगानी गर्ने जस्ता सवालहरू नीतिमा आउन सकेका छैनन् । |

| | |
|---|---|
| विभेदको व्यवस्था, (विद्यालय क्षेत्र सूधार कार्यक्रम) शिक्षाका लागि थप विशेष व्यवस्थाको प्रावधान छ | प्राविधिक तथा उच्च प्राविधिक शिक्षातर्फ चिकित्सा, इन्जिनियरिङ, वन विज्ञान, कृषि, सूचना प्रविधि आदिमा दलित समुदायका लागि २० प्रतिशत कोटाको व्यवस्था गरी दलित-दलितबीच प्रतिस्पर्धामा नि:शुल्क अध्ययन गर्ने व्यवस्था, शिक्षा प्राप्त गरिसकेपछि रोजगारीको ग्यारेन्टी हुनुपर्ने साथै दलित समुदायको स्वावलम्बन र स्वरोजगार वृद्धिका लागि शैक्षिक प्रमाणपत्रको आधारमा ऋण उपलब्ध गराउने नीतिको व्यवस्था नभएको |
| **स्वास्थ्य :** दलित महिलामा पाठेघर खस्ने समस्या अन्त्य गर्न तथा उपचारको व्यवस्था, यौन शोषणबाट जन्मेका बादी बालबालिकालाई गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारीमा ग्यारेन्टी, दलित समुदायभित्र शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटना विशेष कार्यक्रम तथा विशेष सुविधाको ग्यारेण्टी गरिएको छ | दलित महिलालाई पर्याप्त पोषणको व्यवस्था छैन |
| **पुर्नस्थापना/पुर्ननिर्माण :** द्वन्द्वको समयमा अगभंग भएका, बलात्कृत र यौन शोषणमा परेका दलित महिलालाई आवश्यक अनुरूपको औषधी उपचार, जीवन निर्वाह तथा मनोविर्मशको साथै उचित क्षतिपूर्तिको व्यवस्था, बेपत्ता पारिएका परिवारका लागि उपयुक्त क्षतिपूर्तिको व्यवस्था, आवश्यकता अनुसारको सहयोाग; आन्तरिक विस्थापितहरूलाई सम्मानपूर्वक घर फर्कन सक्ने वातावरण सृजना गरिएको छ | सत्य निरूपण र बेपत्ता नागरिक छानबिन समितिको गठन हुन सकेको छैन |
| **विकास, भौतिक संरचना तथा वातावरण :** | दलितहरूको गाउँ, बस्ती लगायतका सबै ठाउँमा शुद्ध पिउने पानी तथा चर्पीको व्यवस्था गर्न नीतिगत व्यवस्थाका साथै कार्यान्वयनका लागि बजेटको व्यवस्था गरिएको छैन |
| **संचार :** | सरकारी स्वामित्वका सञ्चार माध्यममा दलित सवालका कार्यक्रमहरू नि:शुल्क उत्पादन, प्रकाशन र प्रसारण गर्ने व्यवस्था छैन । |

## क. छुवाछूत तथा भेदभाव

कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात/जाति, वंश, समुदाय वा पेशाका आधारमा जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ को दफा चार बमोजिमको कुनै काम गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछूत गरेको मानिन्छ । दलित समुदायको मुख्य सवाल नै छुवाछूत तथा भेदभावको अन्त्य हो ।

छुवाछूत तथा भेदभावका सवालहरूमध्ये निजी तथा सार्वजनिक स्थानमा छुवाछूत तथा भेदभाव गर्न नपाउने व्यवस्था, त्यस्तै छुवाछूत गर्ने सरकारी कर्मचारीलाई सामान्य नागरिकलाई भन्दा बढी सजाय हुने नीतिको निर्माण भएको छ ।[44] नागरिकलाई लिंग, जात/जाति, वर्ण, धर्म, क्षेत्र, पेशा, भाषा, संस्कृति, उमेर, यौनिकता, अपांगता, वैवाहिक तथा आर्थिक अवस्थाका आधारमा भेदभाव नगर्ने तथा भेदभावपूर्ण व्यवहारलाई दण्डनीय बनाउने कुरालाई नेपालको नीतिले सम्बोधन गरेको छ ।[45]

तर राजनीतिक दलहरूले आफ्ना विधानमा छुवाछूत गर्ने कार्यकर्ताहरूलाई कारबाही गर्नुपर्ने व्यवस्था उल्लेख भएको पाइँदैन । यसका साथै मानवको आत्मसम्मान, नैतिकता र समानता जस्ता विषयलाई सार्वजानिक शिक्षाका रूपमा लागू गर्ने कुरा पनि नीतिगत रूपमा आएको पाइन्न ।

## ख. राजनीतिक सवालहरू

दलित समुदायका राजनीतिक सवालहरूमध्ये राष्ट्रिय दलित आयोगलाई अधिकारसम्पन्न संवैधानिक आयोग बनाउनुपर्छ भन्ने मागलाई नेपाल सरकारले सम्बोधन गर्ने क्रममा छलफल चलाएको छ ।[46] निर्वाचन आयोगले राजनीतिक पार्टीहरूको सबै निकायहरूमा समानुपातिक रूपमा दलित समुदायको प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था गरेको छ[47] भने निर्वाचनमा उम्मेदवारहरूको समानुपातिक सूची पेश गर्दा समावेशी हुनुपर्ने व्यवस्था छ ।[48] नेपालका सम्पूर्ण जनता कानुनको दृष्टिमा समान रहने[49] र दलित समुदायलाई समानुपातिक प्रतिनिधित्वका साथै क्षतिपूर्ति स्वरूप थप विशेषाधिकारको व्यवस्थाको नीतिगत व्यवस्था भएको छ ।[50]

छायामा परेका सवालहरूको रूपमा निर्वाचन क्षेत्रहरूमध्ये समय-समयमा कुनै विशेष क्षेत्रलाई मुस्लिम अपांग, दलित, महिला र सीमान्तकृत समुदायको क्षेत्र भनी आरक्षित क्षेत्र घोषणा गर्ने, गैरसरकारी संस्थामा दलितहरूको समानुपातिक समावेशीकरणको सुनिश्चितताका लागि विषेश अधिकारसहितको आरक्षणको व्यवस्था, दलित विशेष जनगणना गर्ने, राजनीतिक पार्टीले जातीय भेदभाव तथा छुवाछूत गर्नेलाई कार्यकर्ता नबनाउने नीतिगत व्यवस्था गर्नुपर्छ भन्ने सवालहरू परेका छन् । त्यसैगरी सार्वजनिक स्थलमा भेदभाव गर्नेलाई उसको नागरिकतासमेत खारेज गरिनुपर्छ भन्ने सवाल पनि छायामा परेको छ ।

## ग. सामाजिक सवालहरू

सामाजिक सवालहरूमध्ये लोपोन्मुख, सीमान्तीकृत, सुविधाविहीन जातजातिहरूको बसोबास भएको क्षेत्रमा विद्यालय खोली मातृभाषामा शिक्षा हासिल गर्ने व्यवस्था भएको छ ।[51] अन्तरजातीय विवाहबाट प्रभावित भएका परिवारलाई संरक्षण, प्रोत्साहन र विस्थापितलाई स्थापित गर्ने,[52] बादी समुदायको विकासका लागि नेपाल सरकारले बादी समुदाय

---

44 जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ र नेपालको अन्तरिम संविधान २०६३

45 पूर्ववत्

46 नेपाल दलित संघका पूर्वअध्यक्ष तथा नेपाली कांग्रेसका सभासद् खड्ग बस्यालसँग २०७१ कात्तिक २९ मा भएको कुराकानी

47 राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३

48 संविधानसभा सदस्स्य निर्वाचन नियमावली, २०७०

49 नेपालको अन्तरिम संविधान, २०६३

50 पूर्ववत्

51 नेपाल सरकार, राष्ट्रिय योजना आयोगको तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

52 नेपाल सरकारको आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्य

उत्थान विकास समितिको गठन गरेको छ ।[53] त्यसैगरी दलित समुदायको आत्मसम्मानमा ठेस पुग्ने किसिमको शब्द तथा संस्कृतिलाई निरुत्साहित गर्ने नीतिको निर्माण भएको छ ।[54]

छायामा परेका सवालहरूमा अन्तरजातीय विवाह गरी छाडिएका बादी महिलालाई पीडकबाट क्षतिपूर्तिसहित अंश दिलाउने, दलित समुदायको अधिकार स्थापना गर्ने किसिमका सञ्चार सामग्रीहरूको प्रकाशन र प्रसारण, सरकारी तथा निजी क्षेत्रका कर्मचारी, राजनीतिक पार्टीका कार्यकर्ता, सामाजिक कार्यकर्ताका लागि जातीय भेदभाव तथा छुवाछूतको व्यवहार विरुद्धमा राज्यले विशेष कार्यक्रम संचालन गर्ने कुराको नीतिगत व्यवस्था हुन सकेको छैन ।

## घ. आर्थिक सवाल

दलितहरूको महत्वपूर्ण सवालहरूमा छुवाछूतको विषयपछि आर्थिक सवाल एक हो। नेपालमा सबै जातजातिमध्ये गरिबी प्रतिशत दलितमा समुदायमा धेरै छ जसमा ४३.६३% पहाडी दलित र ३८.२% तराई दलित रहेका छन् ।[55] आर्थिक क्षेत्रका सवालहरूमा दलित समुदायको आर्थिक अवस्थामा सुधार गर्नका लागि भूमिहीन दलित समुदायलाई न्यायोचित रूपमा भूमि प्रदान गर्ने व्यवस्था सरकारले गरेको छ ।[56] त्यस्तै वैदेशिक रोजगारलाई समावेशी तथा विपन्नमुखी बनाउने भनी उल्लेख गरेको छ ।[57] अति सीमान्तीकृत समुदायका लागि निःशुल्क रूपमा आवास कार्यक्रम अन्तर्गत कामहरू भइरहेको छ। परम्परागत सीप, कला र पेशाको संरक्षण, आयआर्जन सीपमूलक तालिम तथा रोजगारीको व्यवस्था जस्ता सवालहरू प्राथमिकतामा रहेका छन् ।[58]

प्राथमिकतामा पर्न नसकेका सवालहरूमा सस्तो, सुलभ र बिनाधितो ऋणको व्यवस्था, घरायसी कामको वा घरेलु उद्योगको विकास गरी आत्मनिर्भर बन्ने मौका, शौचालय, बिजुलीबत्ती, स्वच्छ खानेपानी, सरसफाइ आदिको व्यवस्था, सरकारी सेवामा दलित समुदायलाई २० प्रतिशत संवैधानिक आरक्षणका र निजी क्षेत्रमा समेत २० प्रतिशत आरक्षणको व्यवस्था, परम्परागत पेशालाई वैज्ञानिकीकरण, प्रमाणीकरण, आधुनिकीकरण गर्ने, उद्योग, व्यवसाय सञ्चालन गर्दा कर छुटको व्यवस्था, वैदेशिक रोजगारमा जान बिनाधितो ऋण दिने व्यवस्था रहेका छन्। त्यस्तै गरी दलित समुदायले उत्पादन गरेका विभिन्न वस्तुहरूको बजारको व्यवस्थापन राज्य तहबाट गरिनुपर्ने, दलित समुदायको श्रममाथि शोषण गर्ने कुप्रथाहरू अन्त्य गरी उनीहरूलाई वैकल्पिक रोजगारको व्यवस्था, राज्यको हरेक स्रोत र साधनहरूमा (जल, जंगल र जमिन ) दलितहरूको पहुँचको सुनिश्चित गर्ने, राष्ट्रिय उद्योग धन्दामा पहुँच बढाउन दलित समुदायलाई शेयर खरिद गर्न ऋणको व्यवस्था जस्ता महत्वपूर्ण सवालहरू छायामा परेका छन् ।

---

53 नेपाल सरकार, स्थानीय विकास मन्त्रालय, बादी समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६८

54 नेपालको अन्तरिम संविधान, २०६३

55 नेपाल मानव विकास प्रतिवेदन, २०१४

56 नेपाल सरकार, राष्ट्रिय योजना आयोगको तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

57 पूर्ववत्

58 नेपाल सरकार, राष्ट्रिय योजना आयोग, तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

## ङ. कानुनी सवाल

कानुनी सवाल अन्तर्गत जातीय भेदभाव तथा छुवाछूतको व्यवहार मानव जीवनका सबै क्षेत्रमा निषेधित र दण्डनीय हुने कानुनी प्रावधानको नीतिगत व्यवस्था भएको छ ।[59] त्यस्तै अन्तरजातीय विवाहलाई कानुनी रूपमा वैधता दिएर थप प्रोत्साहन गर्ने सवालको सम्बोधन भएको छ ।[60]

न्यायिक निकायहरूमा दलित इजालसको व्यवस्था, भेदभावजन्य परम्परागत पेशा तथा व्यवसायलाई मर्यादित बनाउन राष्ट्रिय श्रम नीतिमा परिर्वतन, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई परिर्वतन गरी एक स्वतन्त्र दलित विकास परिषद्को स्थापना, दलित समुदायको पक्षमा निर्मित कानुनको कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने संयन्त्र जस्ता सवालहरूको नीतिगत व्यवस्था हुन सकेको छैन । दलित समुदायका लागि निःशुल्क कानुनी उपचारका निम्ति प्रत्येक अदालतमा कानुनी सहायता एकाइको व्यवस्था सम्बन्धी सवालहरू ओझेलमा परेका छन् ।

## च. शैक्षिक सवाल

दलित समुदायले प्रमुख रूपमा उठाउँदै आएको सवालहरूमध्ये शैक्षिक सवाल पनि एक हो । शैक्षिक क्षेत्रका प्राथमिकतामा परेका सवालहरूमा राज्यद्वारा स्वास्थ्य लगायत अन्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा निश्चित कोटाको ग्यारेन्टी[61] दलित शिक्षकहरूको बारेमा शिक्षक सेवा आयोगद्वारा नै स्पष्ट रूपमा कोटा निर्धारण गरिनुपर्ने, शिक्षक छनोटमा सकारात्मक विभेदको[62] कुरा उल्लेख गरे पनि ऐनको संसोधनमा सोबारे केही उल्लेख छैन । दलित समुदायभित्रका पनि पिछडिएका समूहहरू (दलित महिला, तराई दलित) को शिक्षाका लागि थप विशेष व्यवस्थाको प्रावधान रहेको छ ।[63]

छायामा परेका सवालहरूमा विद्यायल व्यवस्थापन समिति, शिक्षक, अविभावक संघ र शिक्षक छनोट उपसमितिमा दलित समुदायको प्रतिनिधित्व शिक्षा ऐनमै उल्लेख गर्ने, दलित तथा सीमान्तीकृत समुदायको बालबालिकाको उच्च माध्यमिक तहसम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने मौलिक अधिकारलाई सुनिश्चित गर्न निजी विद्यालयमा समेत कम्तीमा १५ प्रतिशत छात्रवृत्ति प्रदान गर्ने कुरा ऐनमा नै प्रष्ट व्यवस्था गर्नुपर्दछ भन्ने रहेका छन् । त्यस्तै दलित तथा सीमान्तकृत समुदायको शिक्षकका लागि छुट्टै परीक्षाको व्यवस्था हुनुपर्ने, क्षमतावान् दलित विद्यार्थीलाई राज्यले लगानी गर्नुपर्ने, प्राविधिक शिक्षामा दलित समुदायका लागि विशेष व्यवस्था हुनुपर्ने, दलित समुदायलाई प्राथमिकतहदेखि उच्च शिक्षासम्म अनिवार्य निःशुल्क अध्ययन गर्ने संवैधानिक व्यवस्था गर्नुपर्ने सवालहरू पनि कतै सम्बोधन हुन सकेको छैन । प्राविधिक तथा उच्च प्राविधिक शिक्षातर्फ चिकित्सा, इन्जिनियरिङ, वन विज्ञान, कृषि, सूचना प्रविधि आदिमा दलित समुदायका लागि २० प्रतिशत कोटाको व्यवस्था गरी दलित-दलितबीच प्रतिस्पर्धामा निःशुल्क अध्ययन गर्ने व्यवस्था गर्नुपर्दछ । शिक्षा प्राप्त गरिसकेपछि रोजगारीको ग्यारेन्टी हुनुपर्ने साथै दलित समुदायको स्वावलम्बन र स्वरोजगार वृद्धिका लागि शैक्षिक प्रमाणपत्रको आधारमा ऋण उपलब्ध गराउने नीतिको व्यवस्था जस्ता सवालहरूमा आवाज उठेको भए तापनि यी सवालहरूलाई समेट्ने कुनै पनि नीति निर्माण भएको छैन ।

---

[59] जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८

[60] नेपाल सरकारको आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्य

[61] नेपाल सरकारले दलित विद्यार्थीका लागि चिकित्सा विज्ञानतर्फ ९ प्रतिशत छात्रवृत्तिको व्यवस्था गरेको छ

[62] विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२

[63] विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२

## छ. स्वास्थ्य

स्वास्थ्य क्षेत्रका सवालहरूमध्ये समग्र महिलाको पाठेघर खस्ने समस्या अन्त्य गर्न तथा उपचारको व्यवस्था गर्न बनेको नीतिले दलित महिलाको समस्यालाई पनि समेट्ने हुँदा यो सवालको सम्बोधन भएको छ ।[64] परिवार नियोजन सम्बन्धी शिक्षा, सूचना र सामग्री निःशुल्क उपलब्ध,[65] स्वास्थ्य शिक्षा, रोजगारी, दलित समुदायलाई लक्षित गरी सन्तुलित भोजन, सरसफाइ र स्वास्थ्य सम्बन्धी चेतना जगाउने कार्यक्रमहरू सञ्चालन[66] यौन शोषणबाट जन्मेका बादी बालबालिकालाई गाँस,[67] बास,[68] कपास, दलित समुदायभित्र शिशु मृत्युदर, बाल मृत्यदर र मातृ मृत्युदर घटना विशेष कार्यक्रम तथा विशेष सुविधाको ग्यारेन्टी[69] जस्ता सवालहरू प्राथमिकतामा रहेका छन् ।

दलित महिलालाई पर्याप्त पोषणको व्यवस्था सम्बन्धी सवाल भने नीतिगत रूपमा आउन सकेको छैन ।

## ज. पुनःस्थापना तथा पुनर्निर्माण

द्वन्द्वको समयमा अंगभंग भएका, बलात्कृत र यौन शोषणमा परेका दलित महिलालाई आवश्यकता अनुरूपको औषधी उपचार, जीवन निर्वाह तथा मनोविमर्शको साथै उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने विषयमा नीतिहरू स्पष्ट उल्लेख हुन सकेको छैन । बेपत्ता पारिएका परिवारका लागि उपयुक्त क्षतिपूर्ति व्यवस्था, आवश्यकता अनुसारको सहयोग, आन्तरिक विस्थापितहरूलाई सम्मानपूर्वक घर फर्कन सक्ने वातावरण सृजना, दण्डहीनताको अन्त्यका लागि विशेष कानुन निर्माण जस्ता सवालहरू रहेका छन् ।

पुनःस्थापना तथा पुनर्निर्माणका सवालहरूमा द्वन्द्वको समयमा अंगभंग भएका, बलात्कृत र यौन शोषणका परेका दलित महिलालाई आवश्यकता अनुरूप औषधी उपचार, जीवन निर्वाह तथा मनोविमर्शका साथै उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने सवालहरू नीतिमा समेटिएका छन् ।[70] बेपत्ता पारिएका परिवारका लागि उपयुक्त क्षतिपूर्ति व्यवस्था, आन्तरिक विस्थापितहरूलाई सम्मानपूर्वक घर फर्कन सक्ने वातावरण सृजना जस्ता विषयहरू नीतिमा समेटिएका छन् ।[71]

---

[64] नेपाल सरकारको वार्षिक बजेट २०६८/६९ मा निःशुल्क उपचार गर्ने भनी सम्बोधन भएको छ र सोही अनुरूप कार्य भइरहेको छ

[65] लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौं, नेपाल २०६६ (सन् २००९)

[66] राष्ट्रिय स्वास्थ्य नीति, २०७१ र लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौं, नेपाल २०६६ (सन् २००९)

[67] नेपाल सरकारले दलितका बालबालिकाहरूलाई सामाजिक सुरक्षा अन्तर्गत भत्ताको व्यवस्था गरेको छ

[68] आर्थिक वर्ष २०७०/७१ को बजेटमा उल्लेख

[69] पोषणमार्फत मातृ तथा बाल मृत्युदर घटाउन सरकारले देशका १५ जिल्लाका २१२ गाविसमा सुनौला हजार दिन कार्यक्रम सञ्चालनमा ल्याएको छ । यो कार्यक्रम आर्थिक वर्ष २०६९/७० मा सिन्धुली जिल्लाबाट नमुनाका रूपमा शुरु भएको थियो ।

[70] नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय, संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा स्थानीयकरण कार्यविधि, २०६९

[71] नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक वर्ष २०६८/६९, २०७०/७१, २०७१/७२ को बजेट वक्तव्य

## झ. विकास, भौतिक संरचना तथा वातावरण

विकास, भौतिक संरचना तथा वातावरण अन्तर्गतका सवालहरूमध्ये हरेक गाउँ, बस्ती लगायतका सबै ठाउँमा शुद्ध पिउने पानी तथा चर्पीको व्यवस्था गर्ने नीति सरकारको रहेको छ ।[72] दलित महिलाका लागि प्राकृतिक स्रोतहरूको संरक्षण र सदुपयोग, प्राप्त लाभको समुचित बाँडफाँड गर्ने सवाल सरकारको योजनामा उल्लेख छ ।[73]

देश विकासका हरेक कार्यक्रमलाई दलित अधिकारमुखी दृष्टिबाट लैजाने प्रतिबद्धता तथा कार्यान्वयनको संयन्त्र निर्माण र हालसम्म बिजुली, टेलिफोन नभएका दलित बस्ती गाउँहरूमा उक्त सेवा पुऱ्याउनुपर्ने सवालहरूको सम्बोधन हुन सकेको छैन ।

## ञ. संचार

जनमानसमा शिक्षा, सूचना र जानकारी प्रवाह गरी चेतना फैलाउन संचारमाध्यमको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ दलित समुदायले संचारसँग सम्बन्धित सवालहरूको उठान गरेका थिए । ती सवालहरूमा संचारमाध्यमले जातीय र लैंगिक विभेदलाई निराकरण गर्ने उद्देश्यका साथ समानता प्रवर्द्धनका क्रियाकलापलाई अगाडि बढाउने, सरकारी स्वामित्वमा संचारमाध्यममा दलित सवालका कार्यक्रमहरू निःशुल्क उत्पादन, प्रकाशन र प्रसारण गरिदिनुपर्ने जस्ता आवाजहरू थिए जसको उचित सम्बोधन भएको छैन ।

---

72 "एक घर एक चर्पी" आर्थिक वर्ष, २०६६/६७ को बजेट

73 नेपाल सरकार, राष्ट्रिय योजना आयोग, तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

## सवालहरू प्राथमिकतामा पर्ने निर्धारक तत्वहरू

महिला र दलितका सवालहरू प्राथमिकतामा पर्न विभिन्न निर्धारक तत्वहरूले महत्वपूर्ण रूपमा भूमिका खेलेको पाइन्छ। विषेशगरी सरकारी निकाय, सभासद्, नागरिक समाज, अन्तर्राष्ट्रिय सन्धि सम्झौता र राजनीतिक संघसंगठनहरूको एकापसको सम्बन्ध, क्रिया र प्रतिक्रियाले सवालहरू प्राथमिकता वा छायामा पर्ने गरेका छन्।

**चित्र : सवालहरू प्राथमिकतामा पर्ने निर्धारक तत्वहरू**




जनताले उठाएका सवालहरू नीति बनेर आउनका लागि एउटा प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। ती प्रक्रियाका विभिन्न अवयवहरू हुन्छन्, जसले नीति निर्माणमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ। सवालहरूलाई दबाब समूहहरूले उठान गर्दछ र सरकारप्रति नीति निर्माणका लागि दबाब सिर्जना गर्दछ। खासगरी दबाब समूहमा विभिन्न नागरिक समाज, राजनीतिक दल र अन्तर्राट्रिय सन्धि तथा सम्झौताहरू रहने गरेको पाइन्छ। दबाब समूहबाट आएका सवालहरूलाई सरकारले सम्बोधन गर्दछ। खासगरी सरकारका अंगहरूमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले नीति निमार्ण गर्ने गर्दछ। अधिकांश नीतिहरूको निर्माण व्यवस्थापिकाले गर्ने गर्दछ भने कार्यपालिकाले पनि सवालको प्रकृति अनुरूप आफैं निर्णय गर्ने गर्दछ जुन नीतिको रूपमा रहने गर्दछ। त्यस्तै गरी न्यायपालिकाले गरेका फैसलाहरू पनि नीतिको रूपमा आउने गरेको पाइन्छ। पैतृक सम्पत्तिमा महिलाको समान अधिकार, वैवाहिक बलात्कार जस्ता सवालहरूमा सर्वोच्च अदालतमा रिट हालेपछि अदालतले गरेको निर्णय नै नीतिमा समावेश भएको छ।[74]

महिला हिंसाको अन्त्य, सती प्रथाको अन्त्य, महिलाको राजनीतिक सहभागिता, मतदान अधिकार, शिक्षामा पहुँच लगायतका सवालहरूमा राणा शासनकालदेखि नै आवाज उठेको हो। केही सवालहरूको नीतिगत सम्बोधन लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनुभन्दा अगाडि नै भएको हो भने केही सवालहरूको सम्बोधन पछि भएको हो। महिलाका मुद्दाहरू जनआन्दोलन २०६२/६३, माओवादीको १० वर्षे जनयुद्ध र विभिन्न सामाजिक आन्दोलनहरूको बलले प्राथमिकतामा पार्न सहयोग पुऱ्याएको छ। दलित सवालमा धेरै आवाजहरू उठेका थिए तर सबै सवालहरूको नीतिगत रूपमा सम्बोधन हुन सकेका छैनन्। केही सवालहरू मात्र नीतिहरूमा समेटिन सकेका छन्। यसरी सवालहरू प्राथमिकतामा पर्नका लागि निम्न निर्धारक तत्वहरूको भूमिका रहेको पाइन्छ।

[74] एफडब्लुएलडीका अध्यक्ष मीरा ढुंगानासँग २०७१ मंसिर २ गते गरिएको कुराकानीको आधारमा

## क. राजनीतिक संगठन

अखिल नेपाल महिला संघ, नेपाल महिला संघ, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) लगायतका महिला राजनीतिक पार्टीहरूले महिलाका सवालहरू नीतिगत रूपमा सम्बोधन गराउनका लागि महत्वपूर्ण कदम चालेको पाइन्छ । महिला राजनीतिक संगठनहरूले आ-आफ्नो तर्फबाट पार्टीमा दबाब सिर्जना गर्ने, लबिङ गर्ने, ध्यानाकर्षण गर्ने कामहरू गरेको पाइन्छ । अन्तरपार्टी महिला संजाल लगायत महिलाको क्षेत्रमा काम गर्ने नौवटा संगठनहरूले प्रधानमन्त्री, सभामुख लगायत पार्टीका नेताहरूलाई आफ्ना मागहरूसहितको ज्ञापनपत्र पेश गरेका थिए ।[75] दलितका सवालमा जति नीतिगत उपलब्धि हासिल भएको छ त्यसमा दलित राजनीतिक संगठनहरूको महत्वपूर्ण भूमिका देखिन्छ । दलित नेताहरूले आ-आफ्नो तर्फवाट पार्टीसँग लबिङ गर्ने गर्‍यो भने नेपाल दलित संघ, नेपाल उत्पीडित जातीय मुक्ति समाज, नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा लगायतका विभिन्न दलित राजनीतिक संगठनहरूले संयुक्त राजनीतिक दलित संघर्ष नै गठन गरेर साझा एजेन्डाहरू अघि सारेको पाइन्छ । संयुक्त दलित राजनीतिक संघर्ष समितिले नागरिक समाजसँग र दलित सभासद् मञ्चसँग समन्वयात्मक भूमिका खेलेको थियो ।[76] छुवाछूत र भेदभावको अन्त्य, भूमिहीन सुकुम्बासी दलितलाई जग्गा उपलब्ध गराउनुपर्ने, समानुपातिक प्रतिनिधित्व जस्ता विषयमा पार्टीका शीर्षस्थ नेताहरूलाई प्रतिबद्धता पत्रमा हस्ताक्षर गराउने काम पनि गरेको थियो ।[77]

## ख. नागरिक समाज

महिलाका सवालहरू सम्बोधन हुनुमा महिलाको क्षेत्रमा काम गर्ने महिला नागरिक समाजको भूमिका पनि कम महत्वको छैन । संविधानसभामा भएका विभिन्न विषयगत समिति, मन्त्रालय, पार्टीका नेता, सभासद्हरूलाई महिलाका मुद्दाहरूबारेमा जानकारी गराउने, प्रभाव पार्ने, छलफल गर्ने कार्य गरेको थियो ।[78] घरेलु हिंसा अन्त्यका लागि कानुनी व्यवस्था गर्न महिला बालबालिका तथा कानुन मन्त्रालयसँग अन्तरक्रिया, ४२ वटा संस्थाहरूको नेटवर्कको निर्माण, घरेलु हिंसा ऐन निर्माणका लागि २२ वटा संस्था मिलेर दबाब समूहको निर्माण, घरेलु हिंसा ऐन बनाउन र अहिले पुनरावलोकन गर्न जिल्लामा सुझाव संकलन, छलफल, गरी कानुन, शान्ति मन्त्रालयमा लबिङ गरेको थियो ।[79] विभिन्न प्रचार सामग्रीको निर्माण, १३२५ को कार्ययोजना बनाउन र स्थानीयकरण गर्न गर्न जिल्ला तहका सरोकारवालासित छलफल पनि भएको थिया । त्यस्तै महिलाको ३३ प्रतिशत सहभागिताका लागि मिडियामा लोक कल्याणकारी विज्ञापन, जिङ्गल बनाएका जनचेतना तथा सूचना प्रवाह गरेको थियो ।[80]

महिला नागरिक समाजले महिलाका मुद्दाहरूलाई प्राथमिकताका साथ समेटिनुपर्छ भनेर कहाँ विभेदकारी कानुन छ भनेर अनुसन्धान गर्ने र निष्कर्षलाई लिएर सर्वोच्च अदालतमा बहस गर्ने, सर्वोच्चमा रिट निवेदन हाल्ने, पैरवी गर्ने, संविधानसभाका विधेयकहरूको अध्ययन गर्ने गरेको छ । पैतृक सम्पत्तिमा छोराछोरीको समान हक सम्कन्धी विषयमा सर्वोच्चमा मुद्दा नै गर्नुपरेको थियो ।[81] १३२०/१८२५, प्रजनन स्वास्थ्य, नागरिकता जस्ता सवालहरूमा विभिन्न

---

[75] सात राजनीतिक दलको २३ बुँदे सहमति र महिला सरोकारका विषयहरू, ज्ञापनपत्र, २०६४

[76] दलित अधिकारका लागि नयाँ रणनीति, समता नीति-पत्र, २०७१

[77] नेपाल उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष तथा संविधानसभाका सदस्य जितु गौतमसँग २०७१ मंसिर १ गते भएको कुराकानी

[78] साथी नेपालकी इन्दिरा फुयालसँग २०७१ कात्तिक २८ गते भएको कुराकानी

[79] पूर्ववत्

[80] पूर्ववत्

[81] महिला विकास र कानुन मञ्चकी अध्यक्ष मीरा ढुंगानासँग २०७१ मंसिर २ गते भएको कुराकानी

समितिलाई सुझाव पठाएको थियो ।[82] अन्तरिम संविधान निर्माणमा महिला समावेश नहुँदा सडक आन्दोलन गर्नुपरेको थियो ।[83]

२०१५ सालमा ०.१२ प्रतिशत भएको महिलाको राजनीतिक सहभागिता २०६४ को संविधानसभाको चुनाव पश्चात् ३३ प्रतिशत पुऱ्याउनका लागि नागरिक समाजको भूमिकालाई नकार्न सकिँदैन ।[84] प्रमुख राजनैतिक दलहरूसँग महिलाका लागि सुहाउँदो घोषणापत्र बनाउने कुराको प्रतिबद्धताका लागि धेरै पटक छलफल भएको थियो भने ज्ञापनपत्र हस्तान्तरण गरिएको थियो ।[85]

विभिन्न नागरिक समाजका प्रतिनिधिहरूको एउटै मत के छ भने विभिन्न समयमा भएका आन्दोलनहरू जस्तै माओवादीको १० वर्षे युद्ध, जनआन्दोलन २०६२/६३, मधेस आन्दोलन, विभिन्न जाति, जनजाति, समुदाय, महिला आदिको आन्दोलनको प्रभावले दलितका मुद्दा पनि अगाडि बढेको हो ।[86] यसरी उजागर भएका दलितका मुद्दाहरू नीतिगत रूपमा नै सम्बोधन गराउन दलित नागरिक समाजको महत्वपूर्ण योगदान रहेको थियो । आफ्ना सवालहरूको उचित रूपमा नीतिमा दर्ज गराउन पैरवीका विभिन्न रूपहरूको माध्यम अपनाएको थियो । छुवाछूत तथा भेदभावको अन्त्य, राजनीतिक समानुपातिक सहभागिता, सामाजिक, आर्थिक, कानुनी, शैक्षिक, स्वास्थ्य, पुनःस्थापना/पुनर्निर्माण, विकास, भौतिक संरचना तथा वातावरण र संचार जस्ता सवालहरूको सम्बोधनका लागि दलित नागरिक समाजले सरकारलाई ज्ञापनपत्र बुझाएको थियो । यसका साथै घोषणापत्र, बडापत्र,[87] अपिल[88] तयार गरेको थियो । विभिन्न पटक धर्ना, घेराउ तथा चक्काजामसमेत गरेको थियो । भारतबाट विज्ञलाई निम्त्याएर सभासद्हरूसँग दलितका सवालमा छलफल कार्यक्रम चलाइएको थियो भने जिल्लामा गएर जनतासँग छलफल गरी सुझाव संकलन गरिएको थियो ।[89] दलितका सवालहरूमा महत्वपूर्ण ज्ञान, सूचना र जानकारीहरू अध्ययन अनुसन्धान गरी प्रकाशनमार्फत सर्वसाधारणसम्म पुऱ्याउने, सभासद्हरूसँग बसेर दलितका सवालमा पटक-पटक छलफल, कार्यशाला, सुझाव संकलन जस्ता कार्यहरू दलित नागरिक समाजले गरेको थियो ।[90] दलित नागरिक समाजले अन्तर्राष्ट्रिय मञ्चमा गएर पनि आफ्ना कुराहरू राख्ने गरेको छ जसले गर्दा अन्तर्राष्ट्रिय मानव अधिकारका कतिपय बाध्यकारी नियमहरूले गर्दा नेपालले नीति निर्माण गर्न बाध्य भएको छ ।[91] त्यति मात्र नभएर राष्ट्रिय पार्टीका नेताहरूलाई बोलाएर कार्यशाला गर्ने, लबिङ गर्ने काम दलित नागरिक समाजले गरेको छ ।

## ग. सरकारी निकाय

राष्ट्रिय महिला आयोगले महिलाका सवालहरूको सम्बोधनका लागि धेरै पटक प्रतिनिधिमण्डलले प्रधानमन्त्री, दलका नेता, सभासद्हरूसँग भेट गरेको थियो । आयोगले सभासद्सँगको अन्तक्रिया पनि चलाएको थियो । महिला ककससँग

---

82 पूर्ववत्

83 पूर्ववत्

84 नेपाली राजनीतिमा महिलाको समावेशी सहभागिताः अवस्था, उपलब्धि र चुनौती, जागरण नेपाल, २०७०

85 सामाजिक रूपान्तरण र महिला अधिकार प्राप्तिका लागि जागरणका १० वर्ष, २०७०

86 दलित गैरसरकारी संस्था महासंघका सचिव सुशील बिकेसँग २०७१ कात्तिक २४ गते भएको कुराकानी

87 दलित महिला बडापत्र, २०६४, दलित महिला संघ र दलित अधिकारका लागि काठमाडौं बडापत्र, २०६४, दलित नागरिक संस्थाहरू

88 अपिल, २०६५, दलित गैरसरकारी संस्था महासंघ

89 दलित गैरसरकारी संस्था महासंघ सचिव सुशील बिकेसँग २०७१ कात्तिक २४ गते भएको कुराकानी

90 समता फाउण्डेशनका अध्यक्ष सचिव पदम सुन्दाससँग २०७१ मंसिर १ गते भएको कुराकानी

91 जनउत्थान प्रतिष्ठानका अध्यक्ष अमृत विश्वकर्मासँग २०७१ कात्तिक २६ गते भएको कुराकानी

छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । आयोगले प्रजनन स्वास्थ्य लगायतका विधेयकको मस्यौदामा आफैंले पनि सहयोग गरेको थियो ।[92] अन्तरिम संविधानमा महिला अधिकारको सुनिश्चितताका लागि समावेश गर्नुपर्ने प्रावधानसहितको सुझावहरूको संयोजन आयोग आफैंले गरेको थियो ।[93]

सरकारी निकायको तर्फबाट राष्ट्रिय दलित आयोगले महत्वपूर्ण भूमिका खेलेको छ । जातीय भेदभाव तथा छुवाछूत ऐन बनाउने क्रममा दलित बुद्धिजीवी, कानुन विज्ञ, दलित तथा गैरदलित सभासद्सँग बसेर पटक-पटक छलफल गरेको थियो । भेदभाव तथा छुवाछूत ऐनको मस्यौदा तयार गर्ने, सुझाव दिने कार्यमा पनि आयोगको भूमिका रहेको थियो ।[94]

## घ. सभासद्हरूको भूमिका

नीति निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यवस्थापिकामा प्रतिनिधित्व र पहुँचले नीतिको वकालतमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । महिला र दलित विशेषका सवालहरूमा सोही समुदायको प्रतिनिधित्व गर्ने सभासद्हरूको भूमिकाले पनि ठूलो प्रभाव पार्ने गरेको पाइएको छ । महिला सभासद्हरूले महिलाका मुद्दाहरू संविधानसभामा सशक्त रूपमा उठान गर्नका लागि पहिलो संविधानसभामा १९७ महिला सभासद् सहभागिता भएको महिला ककसको निर्माण गरिएको थियो । यसरी महिला ककस (समूह) निर्माण गर्नुले पनि महिलाका सवालहरू प्राथमिकतामा पर्नका लागि भूमिका खेलेको थियो ।[95] महिलाका हक अधिकार लगायतका सवालहरूको समावेश गर्नका लागि ११ वटै विषयगत समितिमा महत्वपूर्ण भूमिका खेलेको थियो । राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता हुनुपर्ने प्रस्ताव महिला ककसबाट नै प्रस्ताव भएको थियो । यसका साथै अंशको र वंशको अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी, नागरिकता सम्बन्धी विषयहरूको नीतिगत सम्बोधनका लागि कदम चालेको थियो । महिलाका मुद्दाहरूका बारेमा नेताहरू, राष्ट्रिय, अन्तर्राष्ट्रिय समुदाय, वकिल, पत्रकारसँग पटक-पटक छलफल भएको थियो । यसका साथै विभिन्न गृह, श्रम, कानुन, महिला तथा बालबालिका मन्त्रालयहरूसँग छलफल तथा अन्तरक्रिया भएको थियो । ग्रामीण तहबाटै महिलाका मुद्दाहरू समेट्नका लागि जिल्ला-जिल्लामा गएर छलफल चलाई सुझाव संकलन गरिएको थियो । राष्ट्रपति, प्रधानमन्त्री, दलका नेताहरूलाई ज्ञापनपत्र बुझाइएको थियो ।[96]

दलितका मुद्दाहरू नीतिगत रूपमा सम्बोधन हुन सफल हुनुमा दलित सभासद्को भूमिका सबैभन्दा माथि छ । संविधानसभामा दलित ककस बनाउनु, दलित सभासद् मञ्चको गठन गठन गरी साझा कार्यक्रमहरू बनाएर दबाब सिर्जना गर्ने काम दलित सभासद्हरूले गरेका थिए ।[97] राजनीतिक पार्टीभित्र लबिङ गर्ने काम पनि दलित सभासद्हरूले गरेका थिए । भेदभाव तथा छुवाछूत ऐनको निर्माण, सुकुम्बासी र बादीलाई आवासको व्यवस्था, अन्तरिम संविधानमा पहिलो पटक दलित हकको व्यवस्था गर्ने काम दलित सभासद्बाट भएको पाइन्छ ।[98]

---

[92] राष्ट्रिय महिला आयोगका सदस्य तथा प्रवक्ता मनु हुमागाईं (के.सी.) सँग २०७१ कात्तिक २८ गते भएको कुराकानी

[93] राष्ट्रिय महिला आयोग, संविधानसभाद्वारा निर्माण गरिने आगामी संविधानमा महिला अधिकार सुनिश्चितताका लागि समावेश गर्नुपर्ने प्रावधानका सम्बन्धमा तयार पारिएको सुझावहरू

[94] राष्ट्रिय दलित आयोगका उपसचिव चिरञ्जीवी तिमिल्सिनासँग २०७१ असोज २९ तथा अधिकृत रामबहादुर विश्वकर्मासँग २०७१ कात्तिक २६ गते भएको कुराकानी

[95] पूर्व सभासद् तथा महिला ककसकी तत्कालीन अध्यक्ष उषाकला राईसँग २०७१ मंसिर ७ गते भएको कुराकानी

[96] पूर्ववत्

[97] दलित अधिकारका लागि नयाँ रणनीति, समता नीति-पत्र, २०७१

[98] पहिलो संविधानसभाका सदस्य तथा दलित ककसका अध्यक्ष विश्वभक्त दुलाल आहुतिसँग २०७१ मंसिर १ गते भएको कुराकानी

### ङ. अन्तर्राष्ट्रिय सन्धि सम्झौता

सवालहरू प्राथमिकतामा पर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि सम्झौताहरूले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मानव अधिकार लगायतका सन्धि सम्झौताहरूमा नेपालले जनाएको प्रतिबद्धता र हस्ताक्षरले गर्दा पनि महिलाका सवालहरू प्राथमिकतामा पार्न बाध्य हुनुपर्ने हुन्छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य सम्बन्धी सम्झौता (सिइडीएडब्लु), संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० जस्ता अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले महिलाका सवालहरू सम्बोधन हुन सकेका छन् ।

सवालहरू प्राथमिकतामा पर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि सम्झौताहरूले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मानव अधिकार लगायतका सन्धि सम्झौताहरूमा नेपालले जनाएको प्रतिबद्धता र हस्ताक्षरले गर्दा पनि दलितका सवालहरू प्राथमिकतामा पार्न बाध्य हुनुपर्ने हुन्छ ।[99] रंगभेद विरुद्ध हुने सबै प्रकारका भेदभावहरूको अन्त्य सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (आइसर्ड), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (आइसीइएससीआर), नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (आइसीसीपीआर), आईएलओ १६९ जस्ता अन्तर्राष्ट्रिय सम्झौता, प्रतिबद्धता र हस्ताक्षरले पनि सवालहरूको सम्बोधनमा मद्दत पुगेको पाइन्छ ।

## सवालहरू कसरी ओझेलमा पर्दछन् ?

देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै महिला र दलितका सवालमा प्रबल आवाज उठेका थिए । तैपनि उनीहरूले आफ्नो हक अधिकारको सुनिश्चितताका लागि उठाएका सबै मुद्दाहरूले प्राथमिकता पाएका छैनन् । संविधान निर्माणसँगै सबै जाति, जनजाति, भाषा, लिंग, धर्म, संस्कृति, क्षेत्र आदिको अधिकारको सुनिश्चितता हुने हो । त्यसैले संविधान निर्माण नभइसकेको अवस्थामा कुन कुन सवालहरू ओझेलमा छन् भनेर भन्न त्यति उपयुक्त नहोला । कम्तीमा पहिलो संविधानसभाका विभिन्न विषयगत समितिहरूले महिला[100] र दलितका[101] सवालमा गरेका निर्णयहरूलाई अहिलेको संविधानसभाले स्वामित्व ग्रहण गर्ने हो भने महिला र दलितका अधिकांश सवालहरू समेटिन्छन् ।

बनिसकेका नीतिहरूमा कतिपय सवालहरू समेटिन सकेका छैनन् । सवालहरू कसरी पछि पर्दछन् भन्ने विषयमा दलित र महिलाको आवाज एउटै रहेको पाइन्छ । नीति निर्माताहरूको पुरातनवादी चिन्तनमा परिवर्तन नआउनु, आफूले उपभोग गर्दै आएको लाभ गुमाउन र अरूलाई वितरण गर्न नचाहने सोचले गर्दा सवालहरू पछि परेका छन् । महिलाको सवालमा उठिरहेको नागरिकता अधिकार सम्बन्धी धेरै छलफल, पैरवी, ५० भन्दा बढी संस्थाहरू भएको नागरिक समाज संजालको निर्माण गरेर आन्दोलन गरिरहे तापनि अहिलेसम्म नीति बन्न सकेको छैन ।[102] महिला र दलितहरूले धेरै लामो समयदेखि सबै प्रकारका आन्दोलन गर्दै आएका छन् । वि.सं. १९९० देखि महिलाले र वि.सं. १९९७ देखि दलितले विभिन्न प्रकारका आन्दोलन र संघर्ष गर्दै आइरहेको छ । २००७, २०१७, २०३६, २०४६, २०६२/६३ सालको जनआन्दोलन, मधेस आन्दोलन, माओवादीको १० वर्षे युद्ध सबैमा दलित र महिलाको सहभागिता

---

99 ह्युमन राइट्स काउन्सिल, सेभेन्थ सेसन एजेन्डा आइटम सिक्स, युनिभर्सल पेरिओडिक रिभ्यु, २०११, जेनेभा ।

100 पूर्ववत्

101 सभासद् तथा नेपाल दलित संघका पूर्व अध्यक्ष खड्ग बस्यालसँग २०७१ कात्तिक २९ गते भएको कुराकानी

102 महिला विकास र कानुन मञ्चकी अध्यक्ष मीरा ढुंगानासँग २०७१ मंसिर २ गते भएको कुराकानी

थियो र अधिकार प्राप्तिको लडाइँमा सहादत हुनेमा पनि उनीहरूको संख्या कम थिएन ।[103] यसर्थ दबाबको कुरा गर्ने हो भने आन्दोलनमा बलिदानसम्म भइसकेको छ । प्रत्येक सवालहरूको सम्बोधनका लागि फेरि सडकमा नै ओलर्नुपर्ने, नेपाल बन्द नै गरिनुपर्ने, तोडफोड नै गर्नुपर्ने र बलिदान नै दिनुपर्ने जरुरी पर्दैन । यदि सधैं यस्तै गर्ने हो भने सवालको सम्बोधनको प्रयासमा एउटा खराब नजिर स्थापित हुन जान्छ ।

दलितका सवालहरू छायामा पर्नुमा निम्न कुराहरू रहेका छन् :

### क. नीति निर्माताहरूको पुरातनवादी चिन्तनमा परिवर्तन नआउनु

महिला र दलित समुदायलाई परापूर्वकालदेखि नै पुरुषवादी र कथित उच्च जातिद्वारा तल्लो स्तरको व्यवहार गरिंदै आइएको छ । सामाजिक र राजनीतिक परिवर्तनसँगै समय धेरै अगाडि बढिसकेको भए तापनि आफ्नो बुद्धि, बल र सामर्थ्यलाई बढी महत्व दिएर महिला र दलित समुदायलाई अझै हेला र हेयको भावले हेरिन्छ ।[104] यस्तो प्रकारको पुरातनवादी चिन्तन र प्रवृत्तिका कारण पनि सवालहरू नीतिमा समेटिन सकेका छैनन् ।

### ख. आफूले उपभोग गर्दै आएको लाभ गुमाउन र अरूलाई वितरण गर्न नचाहने

पुरुष र कथित उच्च जातिद्वारा लामो समयदेखि राज्यका सबै निकायहरूमा आफूले एकलौटी रूपमा हाली मुहाली गर्दै आइरहेका छन् । महिला र दलितका आन्दोलनले समावेशीकरण र समान अधिकारका सवालहरू उठाइरहेको सन्दर्भमा यदि सवालको उचित सम्बोधन गर्ने हो भने आफूले ठूलो हिस्साको उपभोग गर्दै आएको लाभ छुटाएर महिला र दलित समुदायलाई वितरण गर्नुपर्ने हुन्छ जुन कुरा देशका शासक र प्रशासकहरूले गर्न चाहँदैनन् ।[105]

### ग. राज्यका अंगहरूमा दलित समुदायको प्रतिनिधित्व कम हुनु

राज्यका अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा दलित समुदायको प्रतिनिधित्व ज्यादै न्यून रहेको छ । नीतिहरूको निर्माण हुने यस्ता महत्वपूर्ण निकायहरूमा नै दलित समुदायको प्रतिनिधित्व नभएपछि उनीहरूका सवालहरू जतिसुकै जायज भए तापनि सम्बोधन हुन सकेका छैनन् । विगतको तुलनामा पहिलो र दोस्रो संविधानसभामा दलित समुदायको उपस्थिति केही मात्रामा बढेको थियो तर संसद र संविधानसभाका विभिन्न विषयगत समितिमा दलित समुदायका कुरा प्रष्ट रूपमा राख्न सक्ने व्यक्तिको अभाव थियो ।[106] यसरी आफ्नै समुदायका समस्याहरूलाई राम्ररी केलाएर राख्न नसक्दा पनि सवालहरू पछि परेका छन् ।

### घ. गैरदलित सभासद्लाई कम चासो हुनु

दलित समुदायका समस्या भनेको समग्र समुदायका र अन्ततः देशकै समस्या हुन् तर यस तथ्यलाई गैरदलित सभासद्हरूले मनन गर्न सकेनन् । केही थोरै गैरदलित सभासद्हरूले दलितका सवालहरूमा चासो राखेर यसका

---

[103] पूर्वसभासद् तथा महिला ककसकी तत्कालीन अध्यक्ष उषाकला राईसँग २०७१ मंसिर ७ गते भएको कुराकानी

[104] पूर्ववत्

[105] राष्ट्रिय महिला आयोगका सदस्य तथा प्रवक्ता मनु हुमागाईं (के.सी.) सँग २०७१ कात्तिक २८ गते भएको कुराकानी

[106] नेपाल उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष तथा संविधानसभाका सदस्य जितु गौतमसँग २०७१ मंसिर १ गते भएको कुराकानी

पक्षधर भएका भए तापनि सभासद्हरूको ठूलो हिस्सालाई दलित समुदायका सवालहरूबारे कुनै चासो भएन जसले गर्दा विषयवस्तुले बृहत्तर समाजमा ठाउँ लिन पाएन र यदि पाए तापनि बेवास्ताको शिकार हुन पुग्यो ।[107]

### ङ. दलितहरू आफैंमा विषयवस्तुको ज्ञानको अभाव हुनु

दलित समुदायमा दलितका सम्पूर्ण अधिकार, समावेशीकरण र विकास जस्ता विषयवस्तुहरूको सैद्धान्तिक ज्ञान, विचार-विमर्श, चिन्तनमनन हुन नसक्नुले गर्दा पनि सवालहरू सम्बोधन हुन सकेका छैनन् ।[108]

## निष्कर्ष र सुझाव

दलित समुदायका मुख्य मुद्दाहरूमा छुवाछूत तथा भेदभावको अन्त्य, राजनीतिक सहभागिता, सामाजिक सवालहरू, आर्थिक सवाल, कानुनी सवाल, शैक्षिक सवाल, स्वास्थ्य, पुनःस्थापना/पुनर्निर्माण, विकास, भौतिक संरचना तथा वातावरण र संचार रहेको पाइन्छ । यी सवालहरूलाई संश्लेषणात्मक रूपमा निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ । सामाजिक सांस्कृतिक क्षेत्र जसमा छुवाछूत, शिक्षामा कम पहुँच, आर्थिक क्षेत्र जसमा भूमिहीन, परम्परागत पेशा, बाली प्रथा, बेरोजगारी र राजनीतिक प्रशासनिक क्षेत्र जसले नीति निर्माण, प्रशासनमा कम उपस्थिति जस्ता सवालहरूलाई समेटेको छ । यी सबै सवालहरू एकअर्कासँग गाँसिएका छन् र दलितका सम्पूर्ण आवाजहरूलाई समेट्न सक्छन् ।

महिलाको हक अधिकार प्राप्तिका लागि लामो समयदेखि गर्दै आएको संघर्षको एजेन्डाहरूमा महिला हिंसा, समानता, कानुन तथा न्याय, अर्थ व्यवस्था, शिक्षा, स्वास्थ्य, पारिवारिक सवालहरू, धार्मिक सवालहरू, पुनःस्थापना/पुनर्मिलन, भौतिक संरचना, विकास तथा वातावरण, सामाजिक सवालहरू, कृषिका सवालहरू, नागरिकताका सवालहरू रहेका थिए । प्रमुख रूपमा महिला हिंसा अन्त्य, राज्यका सबै निकायमा समानुपातिक सहभागिता, नागरिकता, पैत्रिक सम्पती, क्षमता अभिवृद्धि, रोजगारी, स्वास्थ्य, शिक्षा जस्ता सवालहरू प्राथमिकताका साथ उठेको पाइन्छ ।

राजनीतिक संगठनले गरेका क्रियाकलापहरू, सरकारी निकाय, सभासद्, नागरिक समाज, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले सवालहरू प्राथमिकतामा पार्न भूमिका खेलेको हुन्छ । सभासद्, पार्टीका नेता, वकिल, सरकारी निकाय, जनतासँग गरिएका छलफल, अन्तरक्रिया, राष्ट्रपति, प्रधानमन्त्री, सभामुख आदिको ध्यानाकर्षण गर्न दिइएको ज्ञापनपत्र, लबिङ, पैरवी, दबाब समूहको निर्माण जस्ता कुराहरूले सवाललाई प्राथमिकतामा ल्याउन सहयोग गरेको छ । पितृसतात्मक सोच, नीति निर्माताहरूको पुरातनवादी चिन्तनमा परिवर्तन नआउनु, आफूले उपभोग गर्दै आएको लाभ गुमाउन र अरूलाई वितरण गर्न नचाहने सोचले गर्दा सवालहरू पछि परेका छन् ।

महिलाका नागरिकताका सवालहरू र दलितका आर्थिक पक्षका सवालहरू महत्वपूर्ण हुँदाहुँदै पनि अझै छायामा रहेका छन् । यद्यपि महिला र दलितका अधिकांश सवालहरू नेपाल सरकारका नीतिगत दस्तावेजहरूमा उल्लेखित छन् । उल्लेखित सवालहरूको दुईवटा कमजोरीहरू रहेका छन् । पहिलो, नीतिहरू राम्ररी कार्यान्वयन हुन नसक्नु कमजोर पक्ष हो । दोस्रो, नीतिगत रूपमा सम्बोधित सवालहरूले लक्षित सबै महिला र दलित समुदायलाई समेट्न सकेको छैन । नीतिले कति र कहाँका समुदायलाई लाभ पुऱ्याउने भन्ने कुराको प्रष्ट व्यवस्था गरेको छैन । यसर्थ अधिकांश

---

107 नेपाल दलित संघका पूर्वअध्यक्ष तथा नेपाली कांग्रेसका सभासद् खड्ग बस्यालसँग २०७१ कात्तिक २९ गते भएको कुराकानी

108 पहिलो संविधानसभाका सदस्य तथा दलित ककसका अध्यक्ष विश्वभक्त दुलाल आहुतिसँग २०७१ मंसिर १ गते भएको कुराकानी

सवालहरू नीतिमा उल्लेख छन् तर नीति प्रष्ट नभएको हुँदा सबै महिला र दलित समुदायलाई समेट्न सकेको देखिंदैन ।

यस अध्ययनमा पहिलो संविधानसभाभन्दा अघि उठेका सवालहरूको मात्र चर्चा गरिएको छ। तर यसभन्दा पछि परिवर्तित राजनीतिक घटनाक्रमसँगै महिला र दलितसँग सम्बन्धित धेरै महत्वपूर्ण सवालहरूको उठान हुँदै आएका छन् । अब बन्ने नीतिहरूमा यी सवालहरूको सम्बोधन हुँदै जानु जरुरी छ ।

## सन्दर्भ सामग्री


अपिल । २०६५ । गैरसरकारी संस्था महासंघ ।

आहुति । २०६७ । *नेपालमा वर्णव्यवस्था र वर्ग-संघर्ष* । काठमाडौं : समता फाउण्डेशन, नेपाल ।

किसान, यामबहादुर । २०१० । *दलित र सकारात्मक विभेद* । काठमाडौं : एक्सन एड र नेशनल स्कुल अफ रिसर्च ।

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ।

घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७ ।

घोषणापत्रको सँगालो, २०६३ । ओरेक नेपाल, काठमाडौं ।

छात्रवृत्ति सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६३ ।

जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ ।

तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३) । २०७३ । काठमाडौं : नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

दर्नाल, सुभाष । २०६६ । *संविधानमा दलित सभासद संवाद* । काठमाडौं : जागरण मिडिया सेन्टर, दलित अध्ययन केन्द्र, नेपाल ।

दलित अधिकारका लागि काठमाडौं बडापत्र । २०६४ । दलित नागरिक संस्थाहरू ।

दलित महिला बडापत्र । २०६४ । दलित महिला संघ ।

दुलाल, विश्वभक्त 'आहुति' । २०७१ । *दलित अधिकारका लागि नयाँ रणनीति, समता नीति पत्र ५* । काठमाडौं : समता फाउण्डेशन नेपाल ।

नयाँ संविधान निर्माण सन्दर्भ सीमान्तकृत समुदाय तथा वर्गका अधिकार र सरोकार सम्बन्धी सवालहरू राष्ट्रिय घोषणापत्र, संविधानसभा सहयोग सञ्जाल (ककस) का लागि महिला, कानुन र विकास मञ्च ।

नयाँ संविधानमा नागरिकताको सम्बन्धमा महिला अधिकारकर्मीहरूको अवधारणा र राजनीतिक दललाई सुझाव, (नागरिकतामा समान अधिकारका लागि महिला सञ्जाल) ।

नागरिकता सम्बन्धी वर्तमान नेपाली कानुन र व्यवहारमा रहेका समस्या र यसका समाधानका उपायहरू, राष्ट्रिय महिला आयोग, काठमाडौं ।

नेपाली कांग्रेस, घोषणापत्र, २०६४ ।

नेपाल सरकार शान्ति तथा पुनर्निमार्ण मन्त्रालय, संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा स्थानीयकरण कार्यविधि, २०६९ ।

नयाँ संविधानमा दलित समुदायका एजेन्डाहरू । २०६५ । दलित गैरसरकारी संस्था महासंघ ।

नयाँ संविधानमा दलित समुदायका साझा सवाल । २०६८ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी), नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग परियोजना (एसपीसीबीएन) ।

नेकपा (एमाले), घोषणा पत्र, २०६४ ।

नेपालको अन्तरिम संविधान, २०६३ ।

नेपालमा छुवाछूत तथा जातीय भेदभाव अन्त्यका निम्ति दश वर्षे रणनीतिक योजना, राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१३-२०२३), २०१३ । दलित गैरसरकारी संस्था महासंघ ।

नेपाली राजनीतिमा महिलाको समावेशी सहभागिता : अवस्था, उपलब्धि र चुनौती, २०७० । जागरण नेपाल ।

प्रथम तथा अग्रज नेपाली महिला, प्रारम्भदेखि २०१७ सालसम्म, २०६९ । राष्ट्रिय महिला आयोग ।

प्याकुरेल, उद्धव । २०६९ । नेपालमा दलित र आरक्षण लगायतका सकारात्मक विभेदमाथिको बहस । राष्ट्रिय दलित नेटवर्क, नेपाल ।

पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका । २०६८ । नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

संविधानसभा निर्वाचन, नेकपा एमालेको घोषणा पत्र । २०६४ ।

बिके, मानबहादुर र विश्वकर्मा, चक्रमान । २०६५ । संघीयतामा दलित, दलित सेवा संघ केन्द्रिय कार्यालय, काठमाडौं ।

भट्टचन, डा. कृष्ण, सुनार, तेज, भट्टचन, यशो कान्ति । २०६५ । नेपालमा जातीय भेदभाव, गैरसरकारी संस्था महासंघ, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, भारतीय दलित अध्ययन, दिल्ली, इन्टरनेशनल दलित सोलिड्यारिटी नेटवर्क, कोपेनहेगन ।

महिला आन्दोलन र अखिल नेपाल महिला संघ । २०६८ । अखिल नेपाल महिला संघ, काठमाडौं ।

मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ।

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम

मापदण्ड, २०६८ । नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक), घोषणापत्र, २०६४ ।

महर्जन, राजेन्द, यामबहादुर किसान । २०७० । *दलन विरुद्ध प्रतिरोध, नेपाली दलितहरूको सङ्घर्षगाथा* । काठमाडौं : समता फाउण्डेशन नेपाल ।

लैंगिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना, २०१० ।

लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/०७०-२०७३/०७४), २०६९ । नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।

लैंगिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२), २०६६ । काठमाडौं : नेपाल सरकार, शिक्षा मन्त्रालय ।

विष्ट, मीना, सापकोटा, राजकुमार, अधिकारी अहिल्या । २०७० । सामाजिक रूपान्तरण र महिला अधिकार प्राप्तिका लागि जागरणका दश वर्ष । जागरण नेपाल ।

वार्षिक प्रतिवेदन, २०६३ /६४ । नेपाल राष्ट्रिय दलित आयोग ।

शिक्षा ऐनमा समावेश गर्नुपर्ने दलित सीमान्तकृत समुदायका सवालहरू, २०६८ । दलित सेवा संघ,

केन्द्रीय कार्यालय, काठमाडौं ।

संविधानसभाले भावी संविधानमा महिला अधिकारको निमित्त उठाउनुपर्ने विषयहरू । २०६५ । प्रकाशन नं. १३५, महिला, कानुन र विकास मञ्च ।

संविधानसभाद्वारा निर्माण गरिने आगामी संविधानमा महिला अधिकार सुनिश्चितताका लागि समावेश गर्नुपर्ने प्रावधानका सम्बन्धमा तयार पारीएको सुझावहरू, राष्ट्रिय महिला आयोग ।

समता तथा न्यायपूर्ण शान्तिका लागि नेपाली महिलाको बडापत्र । २०६३ । काठमाडौं : ओरेक नेपाल ।

सात राजनीतिक दलको २३ बुँदे सहमति र महिला सरोकारका विषयहरू, ज्ञापनपत्र, २०६४ ।

ह्युमन राइट्स काउन्सिल, सेभेन्थ सेसन एजेन्डा आइटम सिक्स, युनिभर्सल पेरिओडिक रिभ्यु । २०११ । जेनेभा ।